बेहुली फ्रम मेघौली'मा काम गर्दै स्वस्तिमा | पृष्ठ ४ मा



जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २५ •अंक २१९ • २०८० साल पुस २१ गते शनिबार (6 January, Saturday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# प्रहरीको गोली लागेर युवकको मृत्यु

## सर्लाहीको बरहथवामा कर्फ्यु, मेयरको घरमा ढुंगामुढा

**टुडे समाचारदाता**

बरहथवा । सर्लाही जिल्लाको बरहथवा बजारमा प्रहरीको गोली लागेर एकजना युवकको मृत्यु भएको छ। प्रहरीले चलाएको गोली लागेर बरहथवा नगरपालिका वडा नम्बर ६ का ३० वर्षीय जयशङ्कर साहको मृत्यु भएको पुष्टि भएको छ। अर्का एकजनाको खुट्टामा गोली लागेको छ।

ललितपुर जिल्लाको बालकुमारीमा प्रहरीको गोली लागेर २ जना युवाको ज्यान गएको घटना सेलाउन नपाउँदै बरहथवामा फेरि प्रहरीको गोलीले युवकको ज्यान गएको छ।

नेपाल विद्युत् प्राधिकरणको कार्यालय नजिक प्रहरीले गोली चलाउँदा घरबाट बजार तर्फ आउदै गरेको साहको टाउकोमा गोली लागेर घटनास्थलमै मृत्यु भएको स्थानीय प्रत्यक्षदर्शीले बताए । गोली लागेर मृत्यु भएका साह एमबीबीएसका विद्यार्थी छन्। उनी घरको एक्लो छोरा र विद्यालयमा पनि जेहेन्दार विद्यार्थी रहेको बताइएकोछ। मृतक साहका परिवारले घटनाको छानबिन गरी दोषी उपर कारबाहीको माग गरेका छन् । विवादित बनेको प्राथमिक स्वास्थ्य केन्द्र वरहथवाको वडा नम्बर ६ मा रहेको छ।

प्रहरीको गोली लागेर युवकको मृत्यु भएपछि स्थिति झन तनावपूर्ण बन्न थालेपछि स्थानीय प्रशासनले शनिवार बिहान ८ बजे सम्मका लागि कर्फ्यु लगाएको छ । वरहथवा नगर पालिका क्षेत्रमा कर्फ्यु लगाउँदै भारी संख्यामा सशस्त्र र नेपाल प्रहरी तैनाथ गरिएको छ।

सत्तारुढ दलहरु नेपाली कांग्रेस, जनता समाजवादी पार्टी(जसपा), जनमत पार्टी लगायतका दलहरुले बरहथवा नगरकार्यपालिकाको निर्णयलाई कार्यान्वयन गर्नुपर्ने मागगर्दै बिहीबार प्रदर्शन गर्ने क्रममा झडप भएको थियो । नगरपालिकाले स्वास्थ्य केन्द्रको स्तरोन्नति गर्न प्रदेश सरकारलाई हस्तान्तरण गर्ने गरेको निर्णयलाई कार्यान्वयन नगरेपछि सर्वदलीय बैठक बोलाइएको थियो । बैठकमै मेयर सहितको समूह र सत्तारुढ दलका नेताहरुबीच चर्काचर्की भएपछि प्रदर्शन भएको थियो। बरहथवा नगरपालिकाको कार्यपालिकाको २०७९ असोज ९ गते बसेको बैठकले निर्माणाधीन नगर अस्पताललाई स्तरोन्नतिका लागि प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय भएको थियो । तर स्थानीय सरकार प्रमुखले कार्यपालिकाको बहुमतले गरेको निर्णयबाट पन्छिएपछि विवाद सुरु भएको बताइएको छ।



प्रदर्शनकारीले बरहथवा नगरपालिकाका प्रमुख कल्पना कटुवालको निवास तथा नगरपालिकामा ढुङ्गामुढा गर्न थालेपछि स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले हवाई फायर र अश्रुग्यास प्रहार गरिएको जनाएको छ। मेयरको घर अगाडि रोकिएको नगरपालिकाको गाडीमा समेत प्रदर्शनकारीहरुले आगजनी गरेको बताइएको छ।

मेयर कटुवाल एमालेबाट निर्वाचित भएकी छन्। उनले प्रादेशिक अस्पताललाई स्थानान्तरण गर्न लागेको आरोप लगाइएको छ। मेयरले आफ्नो पकड भएको स्थानमा प्रादेशिक अस्पताल निर्माणका लागि प्रयास गर्न थालेपछि दलहरुबीच विवाद चर्किएको बताइएको छ।

सर्लाही जिल्लाका प्रहरी प्रवक्ता समेत रहेका डीएसपी दीपेन्द्र पजियारले प्रदर्शनकारीहरुको ढुङ्गा प्रहारबाट १ जना प्रहरी सहायक निरीक्षक (प्रसनि) सहित ८ जना घाइते भएको बताएका छन् । प्रसनी भिखारी यादवको स्थिति गम्भीर रहेकाले थप उपचारका लागि वीरगञ्ज तर्फ पठाइएको पजियारले बताए । अन्य ७ जना घाइते सुरक्षाकर्मीहरुको अवस्था सामान्य रहेको उनले बताए।

स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले १४ राउण्ड हवाईफायर र ६३ राउण्ड अश्रुग्यास प्रहार गरेको जिल्ला प्रहरी कार्यालयले पुष्टि गरेको छ। तर, प्रमुख जिल्ला अधिकारी कोमल प्रसाद धमलाले गोली चलाउने आदेश आफूले नदिएको बताएका छन् ।

'बिहान ८ बजे सम्मका लागि कर्फ्यु आदेश जारी भएपछि स्थिति सामान्य बनेको छ ' डीएसपी पजियारले भने, 'दलहरुबीच समन्वय गरी स्थितिलाई सामान्य बनाउन पहल भइरहेको छ।'

तर गत चुनावमा मेयरका प्रत्याशी रहेका बिगु चौधरीले शान्तिपूर्ण जुलुसमाथि गोली प्रहार गर्ने दोषी प्रहरीलाई कारवाही र आम नागरिकको माग सम्बोधन गर्नुपर्ने माग गर्दै आन्दोलनलाई थप सशक्त र प्रभावकारी बनाउने बताएका छन् ।

वरहथवा नगरपालिका सर्लाहीको महत्वपूर्ण बजार मध्येको एक हो। आन्दोलनलाई निरन्तरता दिने सत्तारुढ दलहरुको घोषणाले बजार बन्द रहने भएको छ। कर्फ्युले बजार पूर्ण रुपमा बन्द रहेको छ।

# भन्सारको कमिसन हटाउन वार्ता

**टुडे समाचारदाता**

काठमाण्डु । भन्सार कमिसन खारेजीको माग गर्दै आएका आम जनता पार्टी(आजपा)का अध्यक्ष प्रभु साह र प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'बीच शुक्रवार भेटवार्ता भएको छ । आजपाका अध्यक्ष साहले भन्सार कमिसन खारेजीको मागसहित पार्टीले गर्दै आएको आन्दोलनको विषयमा भेटका क्रममा छलफल भएको जनाएका छन् ।

सिंहदरबारमा शुक्रवार प्रधानमन्त्री प्रचण्डसँग आफूहरुको आन्दोलनको मागको विषयमा करिब आधा घण्टा कुराकानी भएको साहले बताए। छलफलका क्रममा आइतबारसम्म यस विषयमा आफूले निकास निकाल्ने आश्वासन प्रधानमन्त्री प्रचण्डले दिएको उनले उल्लेख गरेका छन् ।

'छलफलका क्रममा मैले प्रधानमन्त्रीलाई पार्टीले गर्दै आएको आन्दोलनको विषयमा ध्यानाकर्षण गराएँ' साहले भने-'आन्दोलनको माग सम्बोधन नभएको विषय राख्दा आफूले समाधान खोज्ने भन्नु भएको छ।' आइतबारसम्ममा निकास निकाल्छु भनेर प्रधानमन्त्रीले भन्नुभएको साहले बताए।




# सिरहा कारागारमै कैदीमाथि मरनासन्न कुटपिट

**टुडे समाचारदाता**

लहान। सिरहा कारागारमा २० जना कैदीबन्दीलाई मरनासन्न हुने गरी कुटपिट गरिएको छ । जेल सजाय काटिरहेका सुनिलकुमार यादवसहित २० जनाबढी माथि गत बुधबार कुटपिट भएको छ।

कुटपिट गरिएका मध्ये सुनिल गम्भीर छन् । उनलाई २५ वटा टाँका लागेको छ । हाल उनको विराटनगरमा उपचार भइरहेको छ। अन्य २ जनाको सिरहा अस्पतालमा उपचार भइरहेको छ । स्रोतका अनुसार अन्य घाइतेलाई भने घटनाको ढाकछोप गर्न कारागारले भित्रै राखिएको छ।

हरेक वर्ष जाडोको बेला सरकारले कैदीहरूलाई सिरकका लागि ३ हजार ५ सय रुपैयाँ उपलब्ध गराउदै आएको छ भने हरेक महिना २४ सयका दरले रकम दिने गरिन्छ । सिरक पनि नपाएको र हरेक महिना पाउने रकममा पनि अनियमितता भएको आवाज उठाउँदा कुटपिट भएको घाइतेहरूले बताए।

चौकीदार कैलाश ठाकुर, विजय महतोलगायतले कारागारभित्र सबै सरोकारवालासँग सेटिङ गरी आर्थिक अनियमितता गरेको आवाज उठाउँदा कारागार भित्र नै कुटपिट गरिएको घाइतेहरुले आरोप लगाएका छन् ।

यता, सिरहाका प्रहरी उपरीक्षक टेकुनन्द इवा लिम्वुले कारागारमा रहेका एकजना कैदीको सोही जेलमा रहेकी श्रीमतीलाई सिन्धुली जेलमा सरुवा गर्दा त्यो व्यक्तिले ग्रुप बनाएर हल्ला मचाएपछि अर्को ग्रुपसंग झगडा भइ घटना भएको बताए। झगडामा बाँसको भाटा प्रयोग भएकोले एक कैदीको टाउकोमा चोट लागि १६/१७ वटा टाँका लागेको बताउदै उनले अवस्था सामान्य रहेको बताए । यस घटनाको विषयमा छानबिन भइरहेको सिरहाका प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डेले बताए । 'कारागार भित्र कुटपिटको घटना भएको बुझिएको छ' प्रजिअ पाण्डेले भने-'त्यसको छानबिन सुरु भइसकेको छ।'

कुटपिटको घटनालाई ढाकछोप गर्न स्थानीय प्रशासन र प्रहरीले कैदीबन्दीहरुमाथि चरम दबाब दिएको बताइएको छ । मुख खोले कारागार सार्ने र अन्य अभियोगसमेत लगाउने धम्की दिएको पीडितहरुका परिवारजनले जनाएका छन् ।



# चिसो मौसममा तात्दै निर्माण व्यवसायीको चुनावी माहोल

## नयाँ नेतृत्वका लागी ४ जना आकाँक्षी दौडधुपमा, माघ-६ गते निर्वाचन

**टुडे समाचारदाता**

राजविराज । चिसो बढ्दै गएको बेला निर्माण व्यवसायीको चुनावी सरगर्मीले माहोल तातेको छ । स्थानीय निर्माण व्यवसायीहरुको साझा संगठन निर्माण व्यवसायी संघ सप्तरीको शुक्रवार सम्पन्न १३ औ वार्षिक साधारण सभा एवं अधिवेशनले निर्वाचन मितिको टुङ्गो लगाए संगै चुनावी सरगर्मीले निर्माण ब्यवसायी बीच माहोल तातेको हो ।




साधारण सभाले पौष २७ गते मनोनयन पत्र दर्ता तथा माघ ६ गते शनिवार निर्वाचन मिति तोकेको छ । यसका लागी संघका पूर्व अध्यक्ष राम अशिष प्रसाद साह संयोजक तथा राजकुमार परियार र मो.फैयाज अंसारी सदस्य रहने गरी ३ सदस्यीय निर्वाचन समिति समेत गठन गरिएको छ । उक्त निर्माण समितिमा कानूनी सल्लाहकारमा सतिष कुमार दत्त रहेको संघले जनाएको छ । अगामी ३ वर्षे कार्यकालका लागी नयाँ नेतृत्वको चयन गर्ने भएकाले निर्माण व्यवसायीमा चुनावी सरगर्मीले माहोल तातेको छ ।

अध्यक्ष सहित २१ पदका लागी हुने निर्वाचनको आवश्यक तयारी सुरु गरिसकेको वर्तमान अध्यक्ष एनेश्वर दासले बताए । उनले सदस्यता नविकरणका लागी पौष २३ गते सम्म अन्तिम म्याद राखिएको र सो पछी आउनेको नविकरण न गरिने निर्णय भएको जानकारी पनि दिए ।

निर्वाचन समितीका संयोजक रामअषिश साहले निर्वाचनका लागी उम्मेदवारले पौष २७ गते मनोनयन पत्र दर्ता गराउने कार्यतालिका तय गरिएको जानकारी दिए ।

साधारण सभाको उदघाटन गर्दै प्रमुख अथिति नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रीय अध्यक्ष रवी सिंहले निर्माण व्यवसायीको पेशागत हकहितका लागी मिलेर जानु पर्ने नै उपयुक्त हुने र यसका लागी सर्वसम्मत र सहमतीबाट नयाँ नेतृत्व चयन गर्नु पर्नेमा जोड दिए पनि सहमतीको सम्भावना भने न्यून रहेको र निर्वाचन बाटै यसको टुङ्गो लाग्ने लगभग निश्चित रहेको निर्वाचन गतिविधीलाई नजिकबाट नियाली रहेका निर्माण व्यवसायीहरु बताउँछन ।

निर्वाचन मिति सार्वजनिक गरिए संगै आकाँक्षीहरु धमाधम रणनीति बनाउँदै दावेदारी प्रस्तुत गर्न थालेका छन । नयाँ नेतृत्व कसलाई दिने भन्ने विषयमा चर्चा र छलफल चलिरहेकै बेला बर्तमान प्रथम उपाध्यक्ष सतिष चन्द्र मिश्र, द्वितीय उपाध्यक्ष संतोष दास, महासचिव अमृत लाल साह र अघिल्लो निर्वाचनमा महासचिवका प्रत्याशी रहेका भोगेन्द्र मिश्रले आफू यस पल्ट अध्यक्ष पदका लागी उम्मेदवार बन्ने घोषणा सहित सक्रियता बढाएका छन् ।

मनोनयन दर्ताका दिन सम्म यस बाहेकका थप अध्यक्ष पदका नयाँ अनुहार पनि देखिन सकिने सम्भावना रहेको जानकारहरु बताउँछन् । सबैले निर्माण व्यवसायीले भोग्नु परिरहेको समस्या समाधान, संघलाई साझा संगठन बनाउने तथा निर्माण व्यवसायीको पेशागत हकहित र सम्मानका लागी काम गर्ने प्रतिबद्धता निर्माण व्यसायीहरु माझ राख्ने गरेका छन् ।

बर्तमान अध्यक्ष एनेश्वर दासले नयाँ नेतृत्वका लागी आफूले सहमती मै चयन गर्ने प्रयास सूरु गरिसकेको बताए । "अन्तिम क्षण सम्म प्रयास गरिन्छ, उनले भने-सहमतीमा चयन हुन न सके निर्वाचन समिति पनि गठन गरे कै छौं, सोही प्रक्रियाबाट नयाँ नेतृत्वको चयन हुने छ ।"

संघमा करिब ३ सय ५० मतदाता छन । संघका वर्तमान अध्यक्ष एनेश्वर दासको अध्यक्षतामा आयोजित साधारण सभा एवं अधिवेशन उदघाटन समाहरोहमा प्रमुख अथिति नेपाल निर्माण व्यवसायी महासंघका केन्द्रिय अध्यक्ष सिंहका साथै महासंघको प्रथम उपाध्यक्ष एडी लामा, महासचिव रोशन दाहाल, नीतिगत उपमहासचिव शिवहरी घिमिरे, मधेश प्रदेश उपाध्यक्ष कैलाश प्रसाद यादव, उधोग बाणिज्य महासंघका केन्द्रीय सदस्य अरुण प्रधान, नेपाली काँग्रेस सप्तरीका सभापती रामदेव साह, प्रेस स्वतन्त्रता सेनानी बैद्यनाथ झा, जनमतका जिल्ला इन्चार्ज रामगमन साह, जिल्ला समन्वय समिती सप्तरीका प्रमुख शिव नारायण साह लगायतले निर्माण व्यवसायीले भोग्नु परिरहेको पीडा समाधानका लागी राज्यले पहल गर्नू पर्नेमा जोड दिदै साधारण सभाको सफलताको शुभकामना दिए ।

कार्यक्रममा विभिन्न क्षेत्रका योगदान पुऱ्याए बापत संघको मधेश प्रदेश उपाध्यक्ष कैलाश प्रसाद यादव, संघको संस्थापक अध्यक्ष देवेन्द्र जोशी तथा पुर्व अध्यक्ष कामेश्वर लाल देवलाई प्रमुख अतिथी सिहले कदर पत्रबाट सम्मान गरेका थिए ।

# त्रिविका कानुनी समस्याप्रति समितिको चासो

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले त्रिभुवन विश्वविद्यालयका प्रत्यायोजित कानुनका समस्याप्रति चासो राखेको छ ।

समितिका शुक्रबारको बैठकमा 'त्रिभुवन विश्वविद्यालयसँग सम्बन्धित प्रत्यायोजित विधायन र सरकारी आश्वासन' विषयक छलफलमा प्रत्यायोजित विधायन ऐनले दिएको अधिकारबाहिर रहेर त्रिविका नियम, विनियमावली बनेको हुँदा विश्वविद्यालय सञ्चालन तथा व्यवस्थापनमा आएको समस्या सुधारमा पहल गर्न समितिले जोड दिएको हो ।



समितिले विभिन्न मन्त्रालय र स्वायत्त संस्थाबाट निर्माण भएका प्रत्यायोजित विद्यायनको अध्ययन गर्ने क्रममा समितिअन्तर्गत गठित प्रत्यायोजित विद्यायन अध्ययन उपसमितिमार्फत केही समयअघि त्रिभुवन विश्वविद्यालय ऐन, २०४९ र सोअन्तर्गत निर्माण भएका केही प्रत्यायोजित विद्यायनको प्रारम्भिक अध्ययन गरेको थियो ।

समिति सभापति मायाप्रसाद शर्माले अध्ययनबाट उक्त ऐनअन्तर्गत पाँचवटा नियम र नियमअन्तर्गतका केही विनियमावली, निर्देशिका, कार्यविधिलगायत प्रत्यायोजित विद्यायन नियमसङ्गत निर्माण नभएको बताए ।

"त्रिवि ऐनअन्तर्गत निर्माण भएका कानुन प्रत्यायोजित विद्यायन व्यवस्थापनको सिद्धान्तबमोजिम निर्माण नरहेको पाइएको छ । जसकारणविश्वविद्यालयसञ्चालन तथा व्यवस्थापनमा समस्या आएको हो । यसको सुधारको पक्षमा समितिले छलफल व्यापक बनाउनुपर्छ", सभापति शर्माले बताए । समिति सदस्य युवराज शर्माले त्रिविका समस्या समाधानका लागि नीतिगत तथा संस्थागत सुधार आवश्यक रहेको औँल्याए ।

बैठकमा समिति सदस्यहरुले त्रिविभित्रका समस्यालाई सम्बोधन गर्न छलफल व्यापक बनाउनुपर्ने, शिक्षामा लगानी वृद्धि गर्नुपर्ने, सही मानव स्रोत, सही समयमा सही ठाउँमा राख्नुपर्ने, कानुनलाई समयसापेक्ष बनाउन अध्ययन गर्ने, पदाधिकारी आफ्नो कर्तव्य र जिम्मेवारीप्रति सजग हुनुपर्ने, प्रवृत्तिमा सुधार गर्नुपर्ने, राजनीतिलाई नीतिमा परिर्वतन गर्नुपर्नेलगायत विषय उठान गरेका थिए ।

त्रिविका प्राज्ञिक परिषद्का कार्यालयका सहप्रशासक यमन सिंह बोहराले त्रिविले गरेका निर्णय, कामकारबाहीप्रति विद्यार्थीको आक्रोशलाई सम्बोधन गर्न त्रिविका कानुनलाई नियमसङ्गत समयसापेक्ष बनाउन जरुरी रहेको बताए । त्रिवि नेतृत्वमा भागबन्डा गर्दा समस्या झन् बल्झिँदै गएको उनको जिकिर छ ।

त्रिवि केन्द्रीय क्याम्पसका स्ववियु सभापति श्यामराज ओझाले सरकार र त्रिभुवन विश्वविद्यालयबीच तादाम्यता मिलाउन आवश्यक रहेको बताए । "सरकाले त्रिविलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ । मुलुकलाई आवश्यक पर्ने जनशक्तिको तथ्याङ्क यकिन गरी सोही अनुरुपको जनशक्ति उत्पादन र व्यवस्थापनमा जोड दिई दुई पक्षबीच तादाम्यता मिलाउन आवश्यक छ", उनले भने । उनले विपन्न वर्गलाई छात्रवृत्तिको सुनिश्चितता गर्न, विश्वविधालयका यौन दुर्व्यवहारका घटनालाई नियन्त्रण गर्न कानुन आवश्यक रहेको जनाउँदै त्रिविभित्रको राजनीति अन्त्य गर्नुपर्नेमा जोड दिए । समितिले सोही विषयमा त्रिविका पूर्वपदाधिकारीबाट पनि जानकारी लिएको थियो ।

# पशुपति विकास कोषको आपत्ति

**टुडे समाचारदाता**

काठमाण्डु । बुढासुब्बा डिजिटल प्रालिले पशुपतिनाथ आर्यघाट क्षेत्रको बागमती नदी किनारमा हुने गङ्गा आरती र कोर क्षेत्रमा हुने दीप प्रज्वलनको भिडियो खिच्न नपाइने भनी प्रकाशित गरेको सूचनाप्रति पशुपति क्षेत्र विकास कोषले आपत्ति जनाएको छ ।

विकास कोष सञ्चालक परिषद्का कार्यकारी निर्देशक लक्ष्मी पुनले शुक्रबार एक सूचना प्रकाशित गरि बुढासुब्बा डिजिटल प्रालीद्वारा प्रकाशित उक्त सूचनामा कोषको गम्भीर ध्यानाकर्षण भएको बताएका छन् ।

"बुढासुब्बा डिजिटल प्रालिले पशुपतिनाथ आर्यघाट क्षेत्रको बागमती नदी किनारमा हुने गङ्गा आरती र कोर क्षेत्रमा हुने दीप प्रज्वलनको भिडियो खिच्न सख्त मनाही छ । यहाँ खिचिएका भिडियो सामग्री फेसबुक, इन्स्टाग्राम, टिकटक तथा युट्युबमा व्यावसायिक प्रायोजनका लागि राखिएमा डिजिटल कपिराइट ऐनअन्तर्गत कारबाही हुने जानकारी गराउदछौँ भन्ने सूचनामा विकास कोषको गम्भीर ध्यानाकर्षण भएको र उक्त सूचनामा कोषको लोगो प्रयोग गरी कोषको नामसमेत राखी सूचना प्रकाशित भएकामा कोषको असहमति रहेको छ । उक्त सूचना प्रकाशितप्रति कोषको कुनै पनि संलग्नता नरहेको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराउदछौँ", कोषद्वारा प्रकाशित विज्ञप्तिमा भनिएको छ ।

# उपकुलपति नियुक्तिका लागि दरखास्त आह्वान

**टुडे समाचारदाता**

काठमाण्डु । त्रिभुवन विश्वविद्यालयमा पहिलो पटक खुला प्रतिस्पर्धाबाट उपकुलपति पद छनोट हुने भएको छ । उपकुलपति नियुक्तिका लागि नाम सिफारिस गर्न गठित छनोट तथा सिफारिस समितिले खुला प्रतिस्पर्धाका लागि शुक्रबार आवेदन माग गरेको छ ।

त्रिविका कुलपति एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विश्वविद्यालयमा हुने राजनीतिक नियुक्तिको अन्त्य गर्दै गुणका आधारमा उपकुलपति छनोट गर्ने घोषणा गरेका थिए । प्रधानमन्त्रीको घोषणा कार्यान्वयन गर्दै सिफारिस समितिले योग्यता र अनुभवका आधारमा उपकुलपति चयन गर्ने प्रक्रिया आरम्भ गरेको हो ।

शुक्रबार प्रकाशित सूचनाअनुसार यसका लागि स्नातकोत्तर र विद्यावारिधि तहको शैक्षिक योग्यता भई विश्वविद्यालयको पदाधिकारीमध्ये कुनै एक पदमा कम्तीमा तीन वर्ष काम गरेको हुनुपर्ने उल्लेख छ । आवेदकले विश्वविद्यालय सुधारका लागि सोचपत्र तथा चारवर्षे व्यावसायिक कार्ययोजनासमेत प्रस्तुत गर्नुपर्ने छ ।

प्रधानमन्त्री दाहालले शैक्षिक गुणस्तर सुधारका लागि वार्षिक 'क्यालेण्डर'लाई कडाइका साथ लागू गर्नुपर्ने तथा विश्वविद्यालयको प्राज्ञिक वातावरण निर्माण गर्न सबै विश्वविद्यालयलाई तत्काल कार्ययोजना पेस गर्नसमेत निर्देशन दिइसकेका छन् ।

# कीर्तिपुरमा उच्च प्रविधियुक्त पुस्तकालय

**टुडे समाचारदाता**

काठमाण्डु।त्रिभुवनविश्वविद्यालयको केन्द्रीय पुस्तकालय देशकै पहिलो आरएफआइडी (रेडियो फ्रिक्वेन्सी आइडेन्टीफिकेसन सिस्टम) सुविधासहितको पुस्तकालय बनेको छ ।




परराष्ट्रमन्त्री नारायणप्रकाश साउद र नेपाल भ्रमणमा रहनुभएका भारतीय विदेशमन्त्री एस जयशङ्करले शुक्रबार त्रिवि परिसरमा आयोजित एक कार्यक्रमकाबीच त्रिवि केन्द्रीय पुस्तकालयको नवनिर्मित भवनको संयुक्तरूपमा उद्घाटन गरेका हुन् । आरएफआइडी प्रणालीले पुस्तकको वितरण र पुनःप्राप्तिसम्बन्धी अभिलेख स्वचालितरुपमा राख्नेछ ।

कार्यक्रममा मन्त्रीद्वयले नवनिर्मित पुस्तकालय भवनसँगै भारत सरकारको भूकम्प पुनःनिर्माण सहायताअन्तर्गत देशका विभिन्न भागमा सम्पन्न २५ विद्यालय, ३२ स्वास्थ्यसंस्था तथा एक गुम्बाका नवनिर्मित भवनको भर्चुअल उद्घाटन गरे ।

उद्घाटनपछि भारतीय विदेशमन्त्री जयशङ्करले त्रिवि पुस्तकालयको नयाँ भवनसँगै २०७२ सालको भूकम्पपश्चात् भारत सरकारको प्रतिबद्धताअनुरुपका ७५ वटै निर्माण परियोजना पूरा भएको बताए । यसका साथै भारत सरकारले हालैको जाजरकोट भूकम्पपछि आवास पुनःनिर्माणमा रु एक अर्ब बराबरको सहयोग गर्ने उनले बताए ।

नेपाल र भारतबीच 'कनेक्टीभिटी'का विभिन्न आयामलाई अघि बढाउने प्रयास भइरहेको उहाँले बताउनुभयो। यी सबैको उद्देश्य आमजनताको जीवनमा उल्लेखनीय परिवर्तन ल्याउनु रहेको उनको भनाइ थियो । पुस्तकालयसहित ऊर्जा र अन्य क्षेत्रमा दुई देशबीच भएका सहमतिले आफ्नो नेपाल भ्रमणलाई अभूतपूर्वरुपमा सफल बनाएको धारणा थियो ।

परराष्ट्रमन्त्री साउदले त्रिवि केन्द्रीय पुस्तकालयले नवनिर्मित भवन पाउँदा दुई देशको सम्बन्धलेसमेत कोशेढुङ्गाको पार गरेको धारणा राखे। भारत सरकारले भूकम्पलगायतका अवस्थामा गरेको महत्वपूर्ण सहयोगले दुई देशबीचको सम्बन्धलाई थप सुदृढ गराएको उनले बताए । दुई देशबीचको आपसी सहयोग र सद्भावले आगामी दिनमा समेत थप उचाइ पाउने विश्वास मन्त्री साउदले व्यक्त गरे।

कार्यक्रममा त्रिभुवन विश्वविद्यालयका कार्यवाहक उपकुलपति प्राध्यापक डा शिवलाल भुसालले त्रिभुवन विश्वविद्यालयले आफ्नो स्थापनाकालदेखि नै भारतीय सहयोग पाउँदै आएको बताए । त्रिवि केन्द्रीय पुस्तकालयको नयाँ भवनले यसलाई डिजिटल स्रोतसहित देशमा ज्ञानको सर्वाधिक ठूलो अत्याधुनिक खोज केन्द्र बनाएको धारणा थियो ।

त्रिवि केन्द्रीय पुस्तकालयका कार्यकारी निर्देशक सागरराज सुवेदीका अनुसार तीनतले नवनिर्मित पुस्तकालयलाई एकैसाथ दुई हजार विद्यार्थी प्रयोग गर्न सक्नेछन् । यहाँ अपाङ्गमैत्री शौचालय तथा लिफ्टलगायतका सुविधासमेत छन् । ठाउँको हिसाबले यो पुस्तकालय नेपालकै फराकिलो पुस्तकालयमा पर्ने जानकारी पुस्तकालय प्रमुख सुवेदीले दिए । उनले पुस्तकालय कूल सात हजार आठ सय वर्गफिट फराकिलो रहेको जानकारी दिए ।

विसं २०७७ मा थालिएको पुस्तकालय निर्माण कार्य हालै सकिएको हो । यहाँ भारतीय पुस्तकको छुट्टै कोठासमेत रहेको छ । यसबाहेक पुस्तकालयमा 'ई-रिसोर्सेज'मार्फत थप ज्ञान दिन ५० भन्दा बढी कम्प्युटर उपयोग गर्न दिइनेछ ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : अवसर प्राप्त । |
| बृष | : वाद विवादबाट बच्नु । |
| मिथून | : पुरस्कार प्राप्त लाभ । |
| कर्कट | : नयाँ कार्य हुने । |
| सिंह | : बौद्धिक क्षमता । |
| कन्या | : प्रतिभा सम्पन्नता । |
| तुला | : शिक्षामा उन्नति । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : प्रेम प्रसंग, मित्र सुख । |
| कुम्भ | : सुख समृद्धि हुने । |
| मीन | : भ्रमण अवसर हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



कञ्चनपुरको भीमदत्त नगरपालिकाको धार्मिक पर्यटकीय क्षेत्र रौटेलामा राखिएको बीस फिटको त्रिशूल । तस्विर :रासस

# एतिहासीक हनुमत रथ यात्रा आज काठमाण्डु जाने

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतको कर्नाटक राज्य किसकिन्धाबाट हनुमत रथ यात्रा जनकपुरधाममा जानकी मन्दिरमा पुजा गर्दै शनिबार काठमाण्डु तर्फ प्रस्थान गर्ने भएको छ।

विहिबार धनुषाको जटही नाका हुदै जनकपुरधाम प्रवेस गरेको हनुमत रथ यात्रा जानकी मन्दिरमा पुजा पश्चात शुक्रबार नगर परिक्रमा गरेका थिए भने शनिबार काठमाण्डुका लागि प्रस्थान गर्ने भएको हो।



शुक्रबारनै रथ यात्रा काठमाण्डु प्रस्थान गर्ने कार्यक्रम रहेपनि एकदिनका लागि स्थगन गरि शनिबारका लागि यात्रा तय गरिएको श्री हनुमत जन्मभुमी किस्किन्धा रथ यात्रा समितिले जानकारि दिएका छन्।

भगवान हनुमानको जन्म धरती भारतको किसकिन्धामा विश्वको सबैभन्दा ठुलो हनुमानको प्रतिमा (७ सय ५ फिट)बनाउने र विशाल धाम निमार्ण गर्ने उदेश्यका साथ निकालिएको रथ यात्रा १२ बर्ष सम्म चल्ने बताइएको छ।

सन २०३२ सम्म रथ यात्रा पुर्ण हुने भएकोले जानकी माताको पुजा अचर्ना गर्न किसकिन्धाबाट गुरु स्वामी र अयोध्याबाट धर्मगुरु शंकराचार्य,गंगाराम पाठक,राष्ट्रिय संयोजक विमल कुमार केडिया सहितका धर्मगुरु आठवटा गाडीमा जनकपुरधाम आएको जनाइएको छ।

# दोहरो पीडामा महोत्तरीका बचतकर्ता

**टुडे समाचारदाता**

जलेश्वर । जलेश्वर नगरपालिका-१ बस्ने उषा देवीले अहिले सञ्चित गरेको रकम पछि काम लाग्ने आशा बोकेर खाइनखाइ सहकारीमा बचत गरे। पछि घरखर्चका लागि आवश्यक पर्दा लिन खोज्दा नपाएपछि दोहोरो पीडामा छन् । एकातिर आफैंले छ वर्षदेखि जम्मा गरेको रकम डुब्ने हो कि भन्ने चिन्ता छ भने अर्कोतिर अरुसँग ऋण गरेर घरखर्च चलाउनुपर्ने बाध्यताले आफू अहिले दोहोरो मारमा परेको बताउछन् ।

उनले लाखौं रकम जम्मा गरेकी महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-२ स्थित पिपुल्स सहयोगी बचत तथा ऋण सहकारी संस्थाको कार्यालय पाँच वर्षदेखि बन्द रहेको छ। सहकारीका एजेन्ट तथा सञ्चालक एकाएक सम्पर्कविहीन भएपछि उषादेवीजस्ता दर्जनौं बचतकर्ता अहिले घरका न घाटका भएका छन् ।

> मुद्दा दर्ता गराएको पाँच वर्ष बित्दा पनि अदालतले अनुसन्धानमा चासो नदिएको र लाखौं रकम ठगी गरेका एजेन्ट र सञ्चालकहरुलाई अदालतले कारबाही गर्नुका साटो तारेखमा मात्रै छाडेको पीडितहरुको आरोप रहेको छ । जिल्ला प्रहरी कार्यालयमा पाँच वर्षअघि २६ जनाले दिएको निवेदन अनुसार दुई करोड २९ लाख १३ हजार दुई सय ६६ रुपैयाँ ठगिएको देखिन्छ भने दुई करोड ५३ लाख ८६ हजार ७ सय ३४ रुपैयाँको जाहेरी अझै पनि आउन बाँकी रहेको बताइएको छ ।

जलेश्वर नगरपालिका-१ कै गिरिजा देवी, ममता देवी र भोलाकुमार राउतले पनि सानो सानो व्यापार, व्यवसाय गरेर सात वर्षदेखि पिपुल्स सहयोगी बचत तथा ऋण सहकारी संस्थाको कार्यालयमा लाखौं रकम जम्मा गरेका थिए। उनीहरुले बचतबाट पाउने लाभ (ब्याज) त परै जाओस् अहिलेसम्म आफ्नो साँवासमेत पाउन नसकेको पीडा सुनाउछन् ।

घरदैलो र पसलसम्मै पुगेका एजेन्टहरुले आफूहरुबाट पटकपटक गरी लगेको लाखौं रुपैयाँ लिएर एजेन्ट र सहकारी संस्था नै हराएपछि उहाँहरु बिचल्लीमा परेका हुन् । बचतकार्ताहरुले पिपुल्स सहयोगी बचत तथा ऋण सहकारी संस्थाले आफूहरुको रकम ठगेर रातारात फरार भएको भन्दै २०७५ साउन २८ मा महोत्तरी जिल्ला अदालतमा ठगी मुद्दा दिएका थिए। तर अदालतले अहिलसम्म निर्णय नगर्दा आफूहरुले न्याय नपाएको गुनासो गर्छन्।

यस सहकारी संस्थाका सञ्चालकहरुले एक हजार पाँच सय बचतकर्ताको रकम हिनामिना गरी फरार रहेको बताइएको छ । सदरमुकाम जलेश्वरको केन्द्र (दुर्गा चौक) मै अवस्थित यस सहकारी संस्थाको कार्यालय एक समय निक्कै चर्चित एवं लोकप्रिय बचत संस्थाको रुपमा परिचित थियो । त्यस संस्थाबाट धेरैले लाखौं रकमको कारोवार हुने गर्दथ्यो ।

सहकारीका २६ जना बचतकर्ताले आफूहरुले जम्मा चार करोड ८३ लाख रुपैयाँ फिर्ता नगरेको र हिनामिना गरेको भन्दै दिएको छुट्टाछुट्टै उजुरीका आधारमा ३७ एजेन्ट र सञ्चालकविरुद्ध २०७५ साउन २८ मा महोत्तरी जिल्ला अदालतमा ठगी मुद्दा दर्ता गराएका थिए । ३६ जना एजेन्ट तथा सञ्चालकमध्ये ३१ जनालाई अदालतले विभिन्न मितिमा धरौटीमा रिहा गरेको छ । यस मुद्दामा ठगिएकामध्ये २६ जना मात्रै मुद्दा प्रक्रियामा अगाडि आएका छन् भने मुद्दा हाल्न नआउनेको संख्या निकै धेरै रहेको देखिन्छ।

यता मुद्दा दर्ता गराएको पाँच वर्ष बित्दा पनि अदालतले अनुसन्धानमा चासो नदिएको र लाखौं रकम ठगी गरेका एजेन्ट र सञ्चालकहरुलाई अदालतले कारबाही गर्नुका साटो तारेखमा मात्रै छाडेको पीडितहरुको आरोप रहेको छ । जिल्ला प्रहरी कार्यालयमा पाँच वर्षअघि २६ जनाले दिएको निवेदन अनुसार दुई करोड २९ लाख १३ हजार दुई सय ६६ रुपैयाँ ठगिएको देखिन्छ भने दुई करोड ५३ लाख ८६ हजार ७ सय ३४ रुपैयाँको जाहेरी अझै पनि आउन बाँकी रहेको बताइएको छ।

ससाना बचतकर्ताहरूलाई धेरै ब्याज हुने, चाहिएको बेला सहजै ऋण लिन सकिने भनेर प्रलोभनमा पारेर एजेन्टहरुले बचत गराएको र आफ्नो स्वार्थमा सहकारीको रकम चलाउनेदेखि लिएर पछि त करोडौ रकम लिएर फरार भएको देखिन्छ। सहकारीका पदाधिकारीहरूले पूर्व योजना नै बनाएर बचतकर्ताहरुको करोडौं रकम ठगेको देखिन्छ। प्रलोभनमा पारेर स-साना वचतकर्ताको रकम सङ्कलन गरेर मनलाग्दी खर्च गर्ने, त्यही साना बचतको दुरुपयोग गरेर आफूहरु आलिसान जीवन बिताउने र बचतकर्तालाई बिचल्लीमा पार्ने गरेको देशभर नै थुप्रै गुनासाहरु आएका छन्।

जिल्ला अदातलकी श्रेस्तेदार नुतन झाले यस मुद्दामा पक्ष र विपक्षहरुमध्ये विपक्ष (प्रतिवादी) व्यक्तिहरु बढी भएकाले न्याय सम्पादनमा ढिलाई भएको बताउछन् । उनले यस मुद्दाका ३७ जना प्रतिवादीमध्ये केही प्रतिवादीहरु अझै फरार रहेको, केहीको हकमा साक्षी बकपत्र हुन समेत बाँकी नै रहको र यस्ता मुद्दामा सबै प्रतिवादीहरु चुक्ता नभइसकेको अवस्थामा फैसला गर्न नमिल्ने बताए । श्रेस्तेदार झाले यस मुद्दाको अङ्ग पुग्न बाँकी रहेको र पछिल्लो सुनुवाइमा मुद्दाको टिपोट गरी पेश गर्न आदेश भएकाले अहिले टिपोट भइरहेको र टिपोट पूरा भएपछि पेशीमा चढाइने र आउँदा पेशीले नै मुद्दाको सन्दर्भमा केही हुने वा नहुने कुरा तय गर्ने बताए।

पीडित बचतकर्ताहरुले जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, उद्योग बाणिज्य संघ जलेश्वर र जलेश्वर नगरपालिकाका प्रमुख सुरेश साह सोनारसँग पनि न्यायको लागि गुहार लगाइसकेको तर अहिलेसम्म कतैबाट पनि न्याय पाउन नसकेको उनीहरु बताउछन् । "अहिलेको बचत भोलिको दुःखको साथी हुने आशमा सहकारीमा लगेर बचत गऱ्यौं तर सहकारीको कार्यालय, एजेन्ट र सञ्चालक भेट्न छाडिएपछि अब छाँगाबाट खसेजस्तै भएका छौँ" एकै स्वरमा उनीहरुले भने । जलेश्वरमा सानो व्यापार गर्दै त्यसबाट भएको कमाइबाट घर खर्च काटेर धेरथोर बचत गर्दै आएको रकमहरु एजेन्ट र सञ्चालकले खाएर भागेपछि आफूहरु बिचल्लीमा परेको वचतकर्ताहरुको भनाइ छ।

करोडौं रकम ठगी गरेकाहरुलाई कारबाही गरी आफूहरुलाई न्याय दिनुको साटो अदालतबाट एकपछि अर्को गर्दै एजेन्टहरुलाई तारिखमा छाडिरहेको प्रति बचतकर्ताहरु आक्रोश व्यक्त गरेका छन् । आफूहरुले अब आफ्नो पैसा फिर्ता आउँला भन्ने आशा मारिसकेको उनीहरुके भनाइ छ। यस सहकारी संस्थाकै कारण अहिले जिल्लामा सञ्चालित अन्य बचत तथा ऋण सहकारी संस्थाहरुमा पनि बचतकर्ताहरुले बचत गर्न छाड्दै गएको ती बचत तथा ऋण सहकारी संस्थाका सञ्चालकहरु बताउँछन् ।

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुनःसंरचना

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुनःसंरचना गरिएको छ। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सरकार गठनको एक वर्ष पुगेका अवसरमा यही पुस १० गते राष्ट्रका नाममा गरेको सम्बोधनमा नयाँ कार्यशैली, नयाँ संरचनासहित मितव्ययीरुपमा काम गर्ने घोषणा गरेअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुनःगठन गरिएको हो।

मन्त्रिपरिषद्ले हालै पारित गरेको सो परिमार्जित संरचनाअनुसार हाल प्रधानमन्त्रीको कार्यालय र सचिवालयमा रहेका दरबन्दीमध्ये तीन जना सचिव र सात सहसचिवसमेत गरी ६८ जनाको दरबन्दी कटौती गरी सङ्गठन व्यवस्थापन गरिएको छ।

त्यसैगरी प्रधानमन्त्री कार्यालयका कतिपय शाखा महाशाखालाई गाभिएको छ भने सूचना प्रविधिसम्बन्धी एक अलग्गै महाशाखा स्थापना गरिएको छ । मुलुकमा विकसित सूचना प्रविधिमा थप सहयोग पुऱ्याउन सूचना प्रविधिको अलग्गै महाशाखा गठन गरिएको हो।

प्रधानमन्त्री कार्यालयलाई चुस्त, दुरुस्त र कामकाजी बनाउने प्रधानमन्त्री दाहालको योजनाअनुसार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उनको सचिवालयको पुनःसंरचना गरेर दरबन्दी कटौती गरिएको प्रधानमन्त्रीका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिए।

'गङ्गा दाहाललाई हटाउन खोज्नु प्रधानमन्त्रीलाई असफल बनाउनु हो'

यसैबीच सल्लाहकार आचार्यले प्रधानमन्त्री दाहालको स्वकीय सचिवका रुपमा काम गरिरहनुभएकी प्रधामन्त्रीकी सुपुत्री गङ्गा दाहाललाई त्यहाँबाट हटाउनु भनेको प्रधानमन्त्रीलाई नै असहयोग गरी उनलाई असफल बनाउन खोज्नु हो भनेका छन्।

उनले भने, "नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्यसमेत रहनुभएकी र पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री भएदेखि नै उहाँको स्वकीय सचिवका रुपमा काम गरेकी उनकी सुपुत्री दाहालले हाल प्रधानमन्त्रीलाई सहयोग गरिरहनुभएकाले उनलाई हटाउन खोज्नु स्वयं प्रधानमन्त्रीलाई नै असफल बनाउन खोज्नु हो।"

यस विषयमा पार्टी वा सरकारमा कतै कुरा नउठेको भए पनि बाहिरबाट प्रधानमन्त्रीले आफ्नो सचिवालय सदस्यबाट गङ्गा दाहाललाई हटाउनुपर्ने भन्नेजस्ता आवाज आएकाले यसमा कुनै तुक नरहेको आचार्यले स्पष्ट पारे।

उनले भने, "प्रधानमन्त्रीजीका छोरा र श्रीमतीको निधन भएको र उहाँ प्रधानमन्त्रीजस्तो पदीय जिम्मेवारीमा रहँदा नजिकबाट उहाँलाई सहयोग गर्ने पारिवारिक सदस्यकारुपमा गङ्गा नै हुनुहुन्छ।

उहाँलाई प्रधानमन्त्रीको सहयोगीका रुपमा निरन्तरता दिनु हुँदैन भन्नुको कुनै अर्थ छैन । यो त स्वयं प्रधानमन्त्रीलाई नै असहयोग गर्नु हो र प्रधानमन्त्रीजीलाई असहयोग गर्नु भनेको असफल बनाउन खोज्नु हो।"


## श्री माध्यमिक विद्यालय

**रुदौली (बालगंगा), हंसपुर न.पा.-९, धनुषा**

### शिक्षक आवश्यकता सम्बन्धी सूचना

यस विद्यालयलाई हंसपुर नगर कार्यपालिकाको कार्यालय, बघचौडा, धनुषाको च.नं. १४५५ मिति २०८०/०९/१२ को पत्रानुसार मा.वि.तहको विज्ञान विषयको शिक्षण सहयोग अनुदान कोटामा करारमा शिक्षक नियुक्ति गर्ने अनुमति प्राप्त भएकोले यस विद्यालयको वि.व्य.स. को मिति २०८०/०९/१७ को निर्णयानुसार तपसिल अनुसारको शिक्षक पदपुर्ति गर्नुपर्ने भएकोले इच्छुक योग्य नेपाली नागरिकबाट सूचना प्रकाशन भएको मितिदेखि १५ दिन भित्र रितपूर्वक हस्तलिखित निवेदन सहित दरखास्तको लागि आव्हान गरिन्छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | तह | संख्या | न्यूनतम शैक्षिक योग्यता | सेवा सुविधा | आवेदन दस्तुर | उमेर |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/०८०/०८१ | माध्यमिक | १ | विज्ञान विषय लिई स्नातक तह उर्त्तिण तथा अध्यापन अनुमति पत्र प्राप्त | नेपाल सरकारको नियमानुसार | रु. १५००।- | १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको |

**आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. नेपाली नागरिकताको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी
३. माध्यमिक तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपी
४. तालिम तथा अनुभव सम्बन्धी पत्रको प्रतिलिपी
५. **परीक्षाको किसिम** : लिखित र अन्तर्वाता (शिक्षक सेवा आयोगको पाठ्यक्रम अनुसार)
६. **दरखास्त दिने अन्तिम मिति** : २०८०/०९/२० देखि २०८०/१०/०५ सम्म
७. परीक्षा दस्तुर वापतको रकम एन.एम.बी. (NMB) बैंक हंसपुर शाखाको च.हि.नं. ११७००८०८१३२०००१८ मा जम्मा गरी जम्मा गरेको सक्कल भौचर अथवा विद्यालयमा नगद जम्मा गरिएको नगदी रसिद निवेदन साथ पेश गर्नुपर्नेछ।
८. प्रतिलिपी कागजातमा निवेदक आफैले प्रमाणित गरी व्यक्तिगत रेकर्ड फाइलमा राखी पेश गर्नुपर्नेछ।
९. **आवेदन दिने ठाउँ** : विद्यालयमा बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म
१०. परीक्षा केन्द्र सम्पर्क मितिको दिन तोकिने छ।
११. **सम्पर्क मिति** : २०८०/१०/०८
१२. **सम्पर्क नं.** : ९७६५७२८६५५, ९८१९८७८६३५

**नोट** : माध्यमिक तहको विज्ञान विषयको शिक्षक सेवा आयोगको करार सूचीमा रहेको उम्मेदवारलाई बढी ग्राहयता दिइनेछ।

**प्राधानाध्यापक**



## श्री जनता राष्ट्रिय माध्यमिक विद्यालय धमौरा

**(सिभिल ई. डिप्लोमा (९-१२) प्राविधिक)**

**बलवा न.पा.-१०, महोत्तरी, मधेश प्रदेश (नेपाल)**

### खुल्ला विज्ञापन सम्बन्धी सूचना

यस विद्यालयका शिक्षक छनौट समितिको मिति २०८०।०९।१९ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको तपसिल बमोजिमका पदहरुमा करारमा नियुक्ति गर्नका लागि नियमानुसार खुल्ला प्रतियोगिताबाट छनौट गरिने हुँदा दरखास्त आह्वान गरिएको व्यहोरा अनुरोध छ।

**(विज्ञापन प्रकाशन मिति २०८०।०९।१९ गते फाराम भर्ने अन्तिम मिति २०८०।१०।१८ गते सम्म)**

**तपसिल**

| सि.नं. | विज्ञापन नं. | पद | पद संख्या | तह/श्रेणी | परीक्षाको किसिम | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ०१-२०८०/०८१ | प्रशिक्षक | २ (दुई) | मा.शि.द्वितिय सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | २५००।- |
| २. | ०२-२०८०/०८१ | भौतिक विज्ञान | १ (एक) | मा.शि.द्वितिय सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | २५००।- |
| ३. | ०३-२०८०/०८१ | रसायन विज्ञान | १ (एक) | मा.शि.द्वितिय सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | २५००।- |
| ४. | ०४-२०८०/०८१ | शिक्षक (राहत) | १ (एक) | प्रा.शि.तृतिय सरह | लिखित, अर्न्तवार्ता, प्रयोगात्मक | १५००।- |

**(१) विज्ञापन नं. ०१-२०८०/०८१ का लागि आवश्यक शर्तहरु :-**
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर (ME or M.Sc. in Civil Engineering) उत्तिर्ण गरेको हुनुपर्ने छ।
(ख) **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
(ग) **नागरिकता** :- नेपाली

**(२) विज्ञापन नं. ०२-२०८०/०८१ का लागि आवश्यक शर्तहरु :-**
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर भौतिक विज्ञान (M.Sc. - Master of Science in physics) उत्तिर्ण गरेको हुनुपर्ने छ।
(ख) **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
(ग) **नागरिकता** :- नेपाली

**(३) विज्ञापन नं. ०३-२०८०/०८१ का लागि आवश्यक शर्तहरु :-**
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातकोत्तर रसायन विज्ञान (M.Sc. - Master of Science in Chemistry) उत्तिर्ण गरेको हुनुपर्ने छ।
(ख) **उमेर** :- २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
(ग) **नागरिकता** :- नेपाली

**(४) विज्ञापन नं. ०४-२०८०/०८१ का लागि आवश्यक शर्तहरु :-**
(क) **शैक्षिक योग्यता** :- मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र (I.Ed.) उत्तिर्ण गरेको हुनुपर्ने छ।
(ख) **उमेर** :- १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
(ग) **नागरिकता** :- नेपाली
(घ) अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपी

**दरखास्त फारामसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु :-**
(१) विद्यालयले तोकेको दरखास्त फाराम :- १ (एक) थान
(२) पासपोर्ट साईजको फोटो :- २ (दुई) प्रति
(३) एस.एल.सि. देखि चाहिने योग्यता सम्मको सम्पूर्ण प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी।
(४) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी।
(५) आवेदन फाराम दस्तुर रु. २००।- (दुई सय मात्र)
(६) परिक्षा दस्तुर रा.बा.बैंक जलेश्वरको च.हि.नं. १२७०१०००००२४०००१ खातामा रकम तिरेको भाउचर सक्कल प्रति १ (एक) थान।
(७) नियुक्तीको किसिम :- करारमा
(८) प्रशिक्षकको लागि इन्जिनियरीङ्ग परिषदबाट मान्यता प्राप्त हुनुपर्ने।

**पुनश्चः**
(क) म्याद नाघि आएको दरखास्त फाराम दर्ता गरिने छैन।
(ख) दोब्बर दस्तुरको व्यवस्था छैन।
(ग) परीक्षा केन्द्र पछि तोकिनेछ।
(घ) सम्पर्क मिति २०८०।१०।२२ गते र परीक्षा मिति सोहि दिन तोकिने छ।
(ङ) आवश्यक देखिएमा शिक्षक छनौट समितिको निर्णय बमोजिम विज्ञापनको म्याद थप गर्न सकिनेछ।
(च) परीक्षाको दिन प्रवेशपत्र अनिवार्य लिएर उपस्थित हुनुपर्नेछ।
(छ) तलबभत्ता आफ्नो पदमा बहाल गरेको मितिदेखि नेपाल सरकारले तोकिदिए बमोजिम।
(ज) विद्यालय खुलेको दिन फाराम बुझ्ने बुझाउने समय बिहान ७:३० बजेदेखि ११:३० बजे सम्म विद्यालयमा।
(झ) माथिल्लो तहको योग्यता र कार्य अनुभवलाई विशेष ग्राहयता दिइने छ।
(ञ) आवश्यक परेमा सम्पूर्ण विज्ञापनको लिखित मौखिक बाहेक प्रयोगात्मक परीक्षा पनि लिन सकिनेछ।
(ट) प्रा.शि. राहतको हकमा उच्च कक्षासम्म अध्यापन गरेको अनुभवलाई ग्राहिता दिइने छ।

**नोट** :- विज्ञापन सम्बन्धी जानकारीको लागि (प्र.अ.) मो. ९८१५८८६८१४ र वि.प्रशासन ९८१६८९४६१४ मा सम्पर्क गर्न सकिने छ।

**प्रधानाध्यापक**

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। प्रवास ।।

सजलै छै मार्बल आ पथर सँ
चुह-चुह घर करै छै
बिसतर तकिया सँ
घर सेन्टसँ साजल छै
सुतके कोसिस कैर रहलछि
मुदा निन्द कहाँ अबै
कखनो मायके याद,
कखनो प्रीतके याद कखनो
बौवा बुच्ची के याद अबै
छ्टपटयतँ छि,
कर फेरैत छि,
लाख कोसिस करि रहल छि
सुतके लेकिन
निन्दिया उडिगेल,
मोन बिचलितमे परल अछि
मुदा मनकें बुझाबेमे अकाम छि
बहुत कोसिस करै छि
बिसरके
कुछ कमाइ के,
कामक चिन्ता सेहो सतबै
कुछ न्या करके,
परदेशमे छि जे मन
ऐहसांस दियबैय
उइठक पानी पियै छि
कुछ मनके शान्त करै छि
फनु बिसतरप लेटै छि,
मन कहाँ मनैय फनु ओहि
धुन मे बोवाई छि
घर जे रहती संगि संगे घुम जैती
पवैन तिल्ला संक्रान्ति के
लाइ , मुरही खैती
मामा ऐतै हमरा गाम , लाइ मुरही लक
हम बहन के गाम जैती
लाइ मुरही लक
ओतनेमे अलार्म बजैय,
भोरक आठ बजल छै,
ओहो....!!!
कामप जैबाक के समय भगेलै
आहिने गुनधुन- गुनधुनमे दिन कटैय
गामक पोखरी तलाव नदि नाल,
साथी संगि के याद सेहो नै छोरैय
प्रदेश मे छि जे मन ऐहसाँस दियबैय



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार
दोहा कतार

## 'किन हो?'

यो समयको सिलसिला
यति अनौठो किन हो?
जुन भाग्यमा छैन,
त्यो मनको नजिक किन हो?
अनुहारमा सधैं मुस्कान
तर आँखामा सधैं आसु किन हो?
कोशिस मेरो पुर्ण हुन्छ।
तर सफलता अपूर्ण किन हो?
थाहा छैन, को संग सोध्नु,
म यति अभागी किन हो?



दिपक कुमार साह
गौशाला, महोत्तरी

## ।। भविष्यको पुकार ।।

रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।
चाहें जस्तो मेहनत गर्न नपाए प्रतेक दिन मुटू दुःखिदैछन् ।।

उमेर बढिनुको साथ साथै बिभिन्न जिम्मेवारी थपिदैंछन् ।
रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।।

आत्ममान,आत्मसम्मानको सिलसिलामा साथीहरू मिचिदैछन् ।
रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।।

आफनो सपना सकार गर्न दिन दुगुना रात चौगुना देखिदैछन् ।
रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।।

स्वार्थ पछि भाग्ने यो मायारूपी संसार समग्र सुख मिचिदैछन् ।
रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।।

देशप्रतिको देशभक्ति घटिदैछन् देशमा भ्रष्टचार बढिदैछन् ।
रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।।

सबल ब्यक्ति र सत्य माया गर्ने व्यक्तिको अस्तित्व मिचिदैछन् ।
रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।।

सरल,सभ्य र सक्षम सारथि भेट्न धौउ धौउ बितिदैछन् ।
रात बित्दैछ, दिन बित्दैछ दिन प्रति दिन भविष्य मिटिदैछन् ।।



लेखकः-आई.पी. रुपेश महतो
ठेगानाः-माधवनारायण न.पा -३ सखुअवा, रौतहट

## ।। नेपाल ।।

देश हाम्रो नेपाल ।
सुन्दर शान्त विशाल ।।
हेर्नमा सानो छ ।
पौरख यसको महान छा।
हामी नेपाली पाइला तेक्छौ , सिर उचाली ।
कर्मको मेहनतले गर्ने हो फलफुल बाली ।।
यहाँ केही छैन भन्नेलाई ।
सिकाउने हो ,सीप ।
भष्टाचारी बन्द गराए हुन्छ , सबको हित ।।
नेपाली हो, नेपालीमाथि गर्ने हो गौरव ।
गोर्खाली सेना झैँ , बनाउने पौरख ।।
विश्वभरी नेपालीहरुको आफ्नै सान छा
कर्मको मेहनतले बनाएको पहिचान छ ।।
सगरमाथा झैँ अमर अटल छ, नेपालीको मान ।
स्वर्ग झैँ लाग्छ यहाँको पार्यावरण ।।
नेपालको प्राकृतिमा पाइन्छ , विविधता ।
नेपालीको रगतमा पाइन्छ , बिरता ।
हमी नेपाली पाइला तेक्छौ सिर उचली ।।



लेखकः- अनित कुमार मण्डल
जनकपुर (लोहना-१५)

## ।। आमा ।।

आमा, म हजुरको प्रिय सन्तान नादान ।
गाउन सक्दिन हजुरको ममताको गान ।।
म हुँ हजुरको आँखाका चम्किलो तारा ।
जुनीजुनी पाउँ हजुरकै आँचलको छहरा ।।
जति होइनन् यी हिउँ, पवन, जल, बादल ।
त्यति हुन् शीतल आमा, हजुरको आँचल ।।
हजुरमा नै देख्दछु म ईश्वरको अर्को रूप ।
चल्छ मेरो जीवन नित्य हजुरकै अनुरूप ।।
हजुर नै मेरो साहस युक्ति प्रेरणा शक्ति बल ।
हजुरकै आशिर्वादले पाउछु दुबिधामा हल ।।
कति कष्ट सहनुहुन्छ हाँसीहाँसी नित्यदिन ।
चुकाउन सक्दिन हजुरको ममताको ऋण ।।



लेखकः- राम 'रुद्राक्ष' मण्डल
ठेगानाः- लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल ।

## ।। आफैलाई नै भुलें ।।

आज काल म के गर्दै छु?
मलाई आफै थाहा छैन ।
म को हो मैले आफै
आफूलाई नै चिनि राखेको छैन,
थाहा छैन आफनो कामको लागि
कहाँ कहाँ डुलें
यो स्वार्थी संसारमा
आफूले आफूलाई नै भूलें ।।
एक्लो छु, नयाँ सम्बन्ध
नि गाँसेको छैन् ।
मो को हो
मलाई आफै थाहा छैन ।
सफलता पाउनका लागि
कुरी रा छु
आफ्नो गन्तव्य भुलेर
कहाँ कहाँ डुलि रा छु
भावनामा दुबेर
के के कोरी रा छु
मो को हो आफु ले
आफु लाई नैं भुली रा छ

## ' किताब '

शुरुमा देखिएन तिमीसँग त्यति लगाव ,
बुझ्नै अप्ठ्यारो थियो तिम्रो भित्री भाव,
सयौ पल्ट मस्तिकमा जबर्जस्ती लपेटे,
हजारौं पल्ट,तिम्रो नीतिलाई किल्चे र रेटे।
अनेकौं विचार र भावनाको माला तिमी,
विभिन्न रुपरंगमा सजिएको कला तिमी,
पृष्ट तिम्रो प्रत्येक , रहस्यमय र अनमोल ,
तिमी ! गुलियो, तीतो,र पिरो मिश्रणको झोल,
तिमी सानै देखिको एक्लोपनको साथी,
तिम्रो मातमा भुलछौ,बिहान र राती ,
जगतमा तिम्रो इज्जत सब भन्दा माथि,
कलाकार अनुसारको तिम्रो रूप र जाती।
तिम्रो बिना जीवन अंध्यारो ,
तिमी त हृदयको अति नै प्यारो।
तिम्रो सहयोगले पोखिरहन्छु,
म हृदयको भावना।
तिमी त विद्वतको रूप सिंगार्ने गहना,
अन्तेष्टी सम्म साथ दिनु,अन्तिम चाहना।।



उपेन्द्र ठाकुर
राजविराज ७

# 'बेहुली फ्रम मेघौली'मा काम गर्दै स्वस्तिमा

काठमाण्डु । यस वर्षको तिहार छेको पारेर प्रदर्शनमा आएको फिल्म 'दिमाग खराब'को सफलतापछि अभिनेत्री स्वस्तिमा खड्का नयाँ फिल्मको तयारीमा जुटेकी छन् । 'बेहुली फ्रम मेघौली' शीर्षकको फिल्ममा उनले मुख्य भूमिकामा काम गर्न लागेका हुन् । लेखकको रुपमा स्थापित आकाश बराल र सजन काफ्लेको संयुक्त निर्देशन रहने फिल्मको छायांकन आगामी चैतबाट सुरु गर्ने तयारी गरिएको छ ।

यतिबेला निर्देशक र कलाकारको टिम लोकेशन हन्टिङका लागि चितवनको मेघौली गाउँमा छ । फिल्मको कथाको उठान मेघौली गाउँबाट हुने निर्देशक बरालले जानकारी दिए । उनले 'बेहुली फ्रम मेघौली'लाई वर्किङ टाइटल राखेर काम अगाडि बढाइएको भए पनि पछि शीर्षक परिवर्तन हुनसक्ने बताएका छन् । यो फिल्ममा निर्देशकनिश्चल बस्नेतको पनि अभिनय रहने सम्भावना उच्च छ ।

निश्चलको ब्यानर ब्ल्याक हर्स पिक्चर र मेघौली फिल्म्सको संयुक्त भेन्चरमा बन्न लागेको फिल्मलाई आकाश र सजन स्वयंले लेखेका हुन् । दुवैले यही फिल्मबाट निर्देशनमा डेब्यू गर्न लागेका हुन् । आकाशले 'स्पर्श' नामक पुस्तक समेत बजारमा ल्याइसकेका छन्, जुन युवापुस्तामा लोकप्रिय मानिन्छ । उनले ' दिमाग खराब'सहित आधा दर्जनभन्दा बढी नेपाली फिल्मको स्क्रिप्ट लेखिसकेका छन् ।

स्वस्तिमा यस वर्ष 'बेहुली फ्रम मेघौली'मा मात्र काम गर्ने योजनामा रहेको बताइन्छ । उनले केही समयअघि आफैंले फिल्म निर्माण गर्न लागेको बताएकी थिइन् । उनी निर्माता रहने फिल्म यही हो । शीर्षकले फिल्ममा उनी बेहुलीको भूमिकामा हुनसक्ने संकेत गर्छ । उनी फिल्मलाई लिएर उत्साहित देखिएकी छन् । निर्देशक बस्नेत भने फिल्ममा मुख्य या त केमियो भूमिकामा देखिन सक्नेछन् ।



# छोरीलाई हिरोइन बनाउन पिताले बनाएको 'पर्खि बसें तिमीलाई'



काठमाण्डु । भनिन्छ, 'सन्तानको इच्छा पूरा गर्न बाबु-आमाले हरसम्भव प्रयास गर्छन् ।' नेपाली फिल्म क्षेत्रमै यस्ता धेरै उदाहरण छन् । परिवारले ऋणधन गरेरै भए पनि सन्तानको हिरो वा हिरोइन बन्ने इच्छा पूरा गर्न फिल्म बनाएका छन् । जसलाई फिल्म क्षेत्रमा 'नातावाद'को संज्ञा दिने गरिन्छ । रिलिजको दैलोमा रहेको 'पर्खि बसें तिमीलाई' पनि छोरीलाई हिरोइन बनाउन पिताले लगानी गरेको फिल्म हो ।

दीपक श्रेष्ठको निर्देशनमा तयार भएको फिल्ममा किरण श्रेष्ठ र रक्षा बुढाथोकीले मुख्य भूमिकामा काम गरेका छन् । रक्षाका पिता राजाराम बुढाथोकी फिल्मका निर्माता हुन् । यसले के देखाउँछ भने राजारामको फिल्ममा सिर्फ छोरीका लागि लगानी भएको हो । त्यसैले उनलाई यो फिल्म छोरीका लागि भए पनि सफल हुन जरुरी छ । र, रक्षाले पनि अभिनयमा आफूलाई प्रमाणित गर्नुपर्नेछ ।

यतिबेला निर्माण टिमले रक्षालाई नव-अभिनेत्री भनेर भजाइरहेको देखिन्छ । तर, उनी नव-अभिनेत्री भने होइनन् । उनले यसअघि फिल्म 'लाखे'मा सहायक अभिनेत्रीको रुपमा काम गरिसकेकी छन् । यद्यपि, यो फिल्मले उनलाई चर्चामा ल्याउन सकेन । नयाँ कलाकारको रुपमा चिनाउँदा धेरैको चासो रहने भएकाले पनि उनलाई 'पर्खि बसें तिमीलाई'मा त्यसरी प्रस्तुत गरिएको हुनसक्छ ।

छोरीका लागि निर्माता बुढाथोकीले म्यूजिक भिडियो र सर्ट फिल्ममा समेत लगानी गरेका छन् । रक्षाले पल शाहसँग खेलेको 'डोली जन्ती' म्यूजिक भिडियोमा उनले लगानीसँगै अभिनय पनि गरेका छन् । यस्तै, पुष्प खड्कासँग रक्षाले काम गरेको 'आकाशको जुन' गीतमा पनि उनको लगानी छ । रक्षाले खेलेका एउटा तीज गीत र 'रक्षाको भाईटीका' सर्ट फिल्ममा पनि राजाराम नै निर्माता छन् ।

सन्तानका लागि परिवारले फिल्ममा लगानी गर्नु गलत भने होइन । त्यसबाट राम्रो कलाकार जन्मिँदा फिल्म क्षेत्रलाई नै फाइदा पुग्छ । तर, फिल्ममा टिकिरहन परिवारले लगानी गरेकै भरमा सम्भव हुँदैन । त्यसका लागि अभिनय क्षमता अनिवार्य सर्त हो । यसपटक रक्षालाई घरकै फिल्मबाट यो प्रमाणित गर्नुपर्ने चुनौती छ । एक हिसाबले उनका लागि 'पर्खि बसें तिमीलाई' करिअरको परीक्षा हो ।

# स्वदेशी उत्पादननै प्रयोग गरौ : मन्त्री गुरुङ




**टुडे समाचारदाता**

काठमाण्डु । सहरी विकासमन्त्री सीता गुरुङले स्वदेशी वस्तु तथा सेवाको प्रवर्द्धनका लागि नेपालभित्रकै उत्पादन प्रयोगमा जोड दिनुपर्ने बताएकी छन् । शुक्रबार भृकुटीमण्डपमा आयोजित 'नवौं नेपाल वुड अन्तर्राष्ट्रिय प्रदर्शनी' अवलोकनपछि सञ्चारकर्मीसँग प्रतिक्रिया दिदै मन्त्री गुरुङ्गले नेपालको उत्पादनलाई प्रवर्द्धन गर्ने नीति सरकारले लिएको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन भने हुन नसकेको बताईन् ।

"सकेसम्म नेपालमै उत्पादित वस्तु प्रयोग गर्नुपर्ने नीति सरकारले बनाएको छ । तर त्यसको कार्यान्वयनको प्रभावकारिता देखिँदैन", उनले भने, "हामीले चाहने हो भने असम्भव केही छैन । नेपालमै उत्पादित काष्ठजन्य वस्तुलाई प्रोत्साहन गर्न र प्रतिस्पर्धी बनाउन सरकारका तर्फबाट पनि सहुलियतलगायतका व्यवस्था हुन आवश्यक छ ।"

सार्वजनिक निकायमा स्वदेशी वस्तुको उपयोग गर्नेसम्बन्धी निर्देशिका, २०७१ जारी भएयता सार्वजनिक निकायले आफूले उपयोग गर्ने वस्तु स्वदेशभित्रै उत्पादित हुनुपर्ने व्यवस्था छ । स्वदेशी उद्योग तथा व्यवसायको प्रवर्द्धनका लागि यस्तो निर्देशिका ल्याइएको भए पनि त्यसको कार्यान्वयनमा भने समस्या रहेको उनको भनाइ छ ।

नेपालमा उत्पादित वस्तुको विश्वसनीयता कम हुने र विदेशी वस्तु भन्नेबित्तिकै राम्रो गुणस्तरको हुन्छ भन्ने भ्रम पनि आममानिसमा रहेको पनि मन्त्री गुरुङले बताए । नेपालमा उत्पादित वस्तु तथा सेवा पनि गुणस्तरीय र मूल्यमा समेत प्रतिस्पर्धी रहेको उनको भनाइ छ ।

मिडिया स्पेस सोलुसन्स प्रालि र भारतको फ्युचरेक्स ट्रेड फेयर एन्ड इभेन्ट्सले आयोजना गरेको प्रदर्शनी आइतबारसम्म चल्नेछ । प्रदर्शनीमा काठबाट निर्मित सामग्री, भवनको आन्तरिक साजसज्जाका सामग्रीलगायत वस्तु राखिएका छन् ।

# द्विपक्षीय हितमा केन्द्रित रहयो भारतीय विदेशमन्त्रीको नेपाल भ्रमण

**टुडे समाचारदाता**

काठमाण्डु । परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको निमन्त्रणामा दुईदिने नेपालको औपचारिक भ्रमणमा आएका भारतीय विदेशमन्त्री डा एस जयशङ्कर भ्रमण सम्पन्न गरी शुक्रबार स्वदेश फर्केका छन् । भ्रमणका क्रममा महत्वपूर्ण विभिन्न द्विपक्षीय सहमतिपत्र/समभ्रुदारीपत्रको आदानप्रदान भएको छ ।

नेपाल-भारत संयुक्त आयोगको सातौँ बैठकमा भाग लिन उनी बिहीबार नेपाल आएका हुन् । बैठकमा विकास साझेदारीसहित द्विपक्षीय सहकार्यका सबै पक्षमाथि समीक्षा भएको परराष्ट्र मन्त्रालयले जनाएको छ । संयुक्त आयोगको बैठकपश्चात् भारतीय विदेशमन्त्री र नेपालका परराष्ट्रमन्त्रीको उपस्थितिमा दुई पक्षबीच विभिन्न सहमतिपत्र/समझदारीपत्रको आदानप्रदान भएको थियो ।




बैठकमा सन् २०२१ को जनवरीमा सम्पन्न भारत-नेपाल संयुक्त आयोगका छैटौं बैठकपछि द्विपक्षीय सहकार्यका सबै क्षेत्रमा हासिल उपलब्धिहरुको प्रशंसा गरिएको थियो ।

बैठकमा नेपालमा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनका लागि भारत र नेपालबीच नयाँ सहमति कायम भएको छ । नयाँ सम्झौतामा उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनका लागि बजेटको सीमा रु पाँच करोडबाट बढाएर रु २० करोड पुर्याइएको छ ।

त्यस्तै दीर्घकालीन ऊर्जा व्यापारका लागि भारत सरकार र नेपाल सरकारबीच सम्झौतापत्रमा हस्ताक्षर भएको छ । यस सम्झौताअन्तर्गत आगामी दश वर्षमा नेपालबाट भारततर्फ हुने विद्युत् निर्यातको परिमाण १० हजार मेगावाटसम्म पुर्याइने छ । यसका लागि नेपालको जलविद्युत् उत्पादन क्षेत्र र प्रसारण पूर्वाधारमा पारस्परिक लाभदायी लगानीलाई प्रोत्साहन गर्न सबै उपायहरु अपनाउनेमा दुवै पक्ष सहमत भएका छन् ।

यसैगरी, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानद्वारा निर्मित मुनाल स्याटेलाइटका लागि न्यूस्पेस इन्डिया लिमिटेड र नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानबीच प्रक्षेपण सेवा सम्झौता भएको छ । नेपाली विद्यार्थीले बनाएको यो स्याटेलाइट बिना शुल्क भारतीय प्रक्षेपण रकेटबाट प्रक्षेपण गरिने छ ।

भारतको एनटिपिसी लिमिटेड र नेपाल विद्युत् प्राधिकरणबीच नवीकरणीय ऊर्जा विकासमा सहकार्यका लागि एक समझदारीपत्रमा समेत हस्ताक्षर भएको छ । यस समझदारीपत्रले एनटिपिसी लिमिटेड र नेपाल विद्युत प्राधिकरणबीच नवीकरणीय ऊर्जामा सहकार्यका लागि खाका तयार पार्नेछ ।

सोही अवसरमा दुवै विदेशमन्त्रीले रक्सौल-परवानीपुर प्रसारण लाइनको दोस्रो सर्किट, कटैया-कुशाहा लाइनको दोस्रो सर्किट र नयाँ नौतनवा-मैनहिया लाइन गरी भारत र नेपालबीच रहेको तीनवटा एक सय ३२ केभी अन्तरदेशीय प्रसारण लाइनको संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

त्यस्तै, दुवै मन्त्रीको उपस्थितिमा जाजरकोटका भूकम्पपीडितका लागि भारत सरकारले उपलब्ध गराएको पाँचौं चरणको राहत सामग्री नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । उक्त राहत सामग्रीमा भूकम्पबाट प्रभावित मानिसका लागि दुई सय प्रिफ्याब घरहरु, एक हजार दुई सय ब्ल्याङ्केट, एक सय ५० वटा त्रिपाल र दुई हजार स्लिपिङ ब्याग छन् । दुई सयवटा प्रिफ्याब घरमध्ये २० वटा घर कार्यक्रममा हस्तान्तरण गरिएको थियो भने बाँकी घर आउँदो केही साताभित्र विभिन्न चरणमा हस्तान्तरण गरिने छन् ।

साथै, जाजरकोटमा हालै गएको भूकम्पपछिको पुनःनिर्माणमा सहयोग गर्न भारत सरकारले करिब रु १० अर्ब आर्थिक सहयोग उपलब्ध गराउने भारतीय विदेशमन्त्रीले घोषणा गरेका थिए । त्यसमध्ये ठूलो हिस्सा अनुदान सहायताअन्तर्गत रहनेछ । भ्रमणका क्रममा भारतीय विदेशमन्त्री डा जयशङ्करले राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग छुट्टाछुट्टै शिष्टाचार भेटवार्ता गरेका थिए । साथै उनले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालसँग पनि छुट्टाछुट्टै भेटवार्ता गरेका थिए । विदेशमन्त्री डा जयशङ्कर र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव र जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउतबीच पनि भेटवार्ता भएको थियो ।

सबै भेटघाटमा पारस्परिक हितका द्विपक्षीय विषयमा कुराकानी भएको नेपालस्थित भारतीय दूतवासले जनाएको छ । परराष्ट्रमन्त्री साउदले विदेशमन्त्री डा जयशङ्करको सम्मानमा विहिबार रात्रिभोजको पनि आयोजना गरेका थिए ।

भ्रमणको दोस्रो दिन दुवै विदेशमन्त्रीले भारत सरकारको अनुदान सहयोगमा निर्माण गरिएको त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयको नयाँ भवनसहित शिक्षा, स्वास्थ्य र सांस्कृतिक क्षेत्रमा भूकम्पपछिका ५९ वटा पुनःनिर्माण परियोजनाको संयुक्त रुपमा उद्घाटन गरेका थिए ।

भ्रमणका क्रममा विदेशमन्त्री डा एस जयशङ्करले पशुपतिनाथ मन्दिरमा पूजा गर्नुका साथै पशुपतिनाथ मन्दिर परिसरमा रुद्राक्षको बिरुवा रोपेका थिए । 'छिमेकी पहिलो' नीतिअन्तर्गत नेपाल भारतको प्राथमिकतामा पर्ने साझेदार हो । दुई घनिष्ठ र मित्रवत् छिमेकीबीच उच्चस्तरीय आदानप्रदानको परम्परालाई ध्यानमा राख्दै यो भ्रमण भएको भारतीय पक्षले जनाएको छ ।

# गाउँ रित्तिदै गएकोमा राष्ट्रपतिद्धारा चिन्ता व्यक्त

**टुडे समाचारदाता**

तनहुँ । राष्ट्रपति रामचन्द्र पौडेलले गाउँमा विकास र सुविधा पुगे पनि सम्मानजनक रोजगारी र आम्दानीको अवस्था सिर्जना नहुँदा ती विकास र सुविधाको उपभोग गर्ने मान्छे कोही नहुने हुन् कि भन्ने चिन्ता प्रकट गरेका छन् ।



भानु नगरपालिका-७ वसन्तपुरस्थित पुर्कोट माध्यमिक विद्यालयको शतवार्षिकी समारोहलाई सम्बोधन गर्दै शुक्रबार राष्ट्रपति पौडेलले विदेश मोहले लठ्ठिएका नेपालीहरु आफ्नै नाभीको सुगन्ध खोज्दै भिरभिरै भौंतारिने अवस्था रहेको गुनासो गरे ।

"अबका दुईचार वर्षमा यी सबै गाउँमा कालोपत्र सडक पुर्याउन हामी लागेका छौं । म भन्छु, त्यो पनि पूरा गरिन्छ । तर समस्या उही हो, त्यो सुविधा उपभोग गर्ने मान्छे गाउँमा कोही रहने हुन कि हैनन् ?", राष्ट्रपति पौडेलले भने, "विदेश मोहले लठ्ठिएका हामी आफ्नै नाभीको सुगन्ध खोज्दै भिरभिरै भौंतारिने हाम्रो हालत छ । आखिर किन भयो यस्तो ? यो प्रश्न म आफैँसँग गरिरहेको छु । उत्तर पनि मसँगै छ । गाउँमा सबैथोक पुग्यो तर सम्मानजनक रोजगारी र आम्दानीको अवस्था बन्न सकेन ।"

राष्ट्रपति पौडेलले अहिले मुलुकले भोगिरहेको मुख्य समस्या नै प्रतिभा पलायन, श्रमशक्तिको पलायन भएको उल्लेख गरे । "अहिले यहाँ पढ्ने र पढाउने दुवैथरी मेरा प्रशंसाका पात्र छन् । यहाँ पढेर राम्रो शिक्षा हासिल गरिसकेपछि धेरैजसो सहर पसे । उतै बस्नु भयो । गाउँको समस्या यही हो । अब आज देशको समस्या प्रतिभा पलायन, श्रमशक्तिको पलायन मुलुकले भोगिरहेको समस्यामध्ये सबैभन्दा जटिल छ", उनले भने ।

राष्ट्रपति पौडेलले आफूले पहिलोपटक चुनाव लड्दा २०४८ सालमा वरभञ्ज्याङको डाँडोमा उभिएर गाउँबाट अस्थिर भएको मनलाई गाउँमा नै आधुनिक सेवा र सुविधा ल्याएर गाउँमा नै बसौं बसौं बनाउँछु भनेको स्मरण गरे । आफूले ग्रामीण स्वावलम्बनअन्तर्गत मोटर गाडी र स्वास्थ्यचौकी अनि सातौं विद्युतीकरणको खाका लिएर त्यहाँ पुगेको उनको भनाइ थियो । उनले अहिले सबै गाउँमा बाटो, बिजुली, पानी, शिक्षा, स्वास्थ्य र सञ्चार पुगेको बताए । उनले गाउँमा सबै विकास र सुविधा पुगे पनि गाउँ रित्तिने क्रम नटुटेको भन्दै चिन्ता व्यक्त गरे ।

राष्ट्रपतिमा निर्वाचित भएपछि दोस्रोपटक गृहजिल्ला पुग्नुभएका राष्ट्रपति पौडेलले आफूले बैदी-छिपछिपेको डाँडा र मादी सेती काली किनारमा उभिएर देशको समृद्धिका मुख्य आधार कृषि क्रान्ति, पर्यटनको विस्तार र ऊर्जा शक्तिको प्रचुर विकास भएको र यसका लागि पहिलो खाँचो सुशासनको भएको बताउँदै आएको स्मरण गर्दै आफू त्यही विषयमा आज पनि उभिएको स्पष्ट पारे । उनले श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न जरुरी रहेको र अबको शिक्षा पनि यिनै विषयमा केन्द्रित हुनुपर्ने धारणा राखे ।

राष्ट्रपति पौडेलले भने, "हाम्रो राष्ट्रसँग जुन मलिलो माटो छ, स्वच्छ जलवायु छ, विविधता छ । त्यसलाई हामीले चिन्न सकेनौं । हामी फोस्रा नारामा बढी बहकियौं । कुन उचाइ र कुन पाटोमा के उब्जनी हुन्छ ? त्यो ठम्याएर खेती गरौं । जलवायुको ख्याल गरेर प्रविधिको प्रयोग गर्नु जरुरी छ ।"

उनले हाम्रो संस्कृति र हाम्रो प्रकृतिको कोरीबाटी गरेर पर्यटन पूर्वाधारको विकास गरे गाउँमै रोजगारी र आम्दानी आउँने बताए । पौडलले भने, "हिमालबाट उर्लेर बग्ने हाम्रा नदीनालाबाट हजारौं मेगावाट ऊर्जा उत्पादन गरी छिमेकमा समेत बिक्री गरौं, हामी यहीँबाट धनी हुन्छौं । आफ्नो परिवार तड्पाएर विदेशतिर भौतारिन पर्दैन । आफ्नै नाभीको कस्तुरी सुगन्ध खोज्दै भिरभिरै लतारिनु पर्दैन । आफैँले आफैँलाई चिनौं-गाउँमुखी बनौं-नेपालमुखी बनौं, हाम्रो स्कुलमा पढाउने यही नै हो असली राष्ट्रवाद ।"

राष्ट्रपति पौडेलले शिक्षा ज्ञान, चेतना र देशको सर्वाङ्गीण विकासको आधारशिला भएको बताउँदै शिक्षाको साथसाथै जीवनको आदर्श उच्च बनाउने र राष्ट्रिय एकतालाई प्रवर्द्धन गर्ने नैतिक शिक्षा आजको आवश्यकता भएको उल्लेख गरे । उनले भने, "सीपविना तथा आचरणविनाको नागरिकबाट देश समृद्ध हुन सक्दैन । सामुदायिक विद्यालयको शैक्षिकस्तर वृद्धि गरी सीपवान् र शीलवान् नागरिक बनाउनेतर्फ हामी सबैको ध्यान जानुपर्छ भन्ने मलाइ लाग्छ ।"

सूचना प्रविधि, विश्वव्यापीकरण र आधुनिकताले ओतप्रोत भएको वर्तमान विश्वपरिवेशको मागअनुरुपको शीक्षा नीति, पाठ्यक्रम र प्रविधियुक्त प्रतिस्पर्धी तथा गुणस्तरीय पठनपाठनको विकास गरी राष्ट्रिय आवश्यकता तथा अन्तर्राष्ट्रिय गुणस्तरअनुरुपको शिक्षा प्रदान गर्नेतर्फ अगाडि बढ्नुपर्ने राष्ट्रपति पौडेलको भनाइ थियो ।

# बीस करोडका योजनामा निर्णय र साझेदारी रहने प्रधानमन्त्रीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सरकारले राष्ट्रियहित प्रतिकूलका कुनै पनि सम्झौता नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको बैठकमा संवैधानिक परिषद् (काम, कर्तव्य,



अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेकोविधेयकमाथिकोछलफलका क्रममा प्रधानमन्त्री दाहालले राष्ट्रिय हितअनुकुलका सम्झौता मात्रै सरकारले गर्ने बताए ।

छलफलका क्रममा सांसदहरूले बिहीबार प्रधानमन्त्रीसँग भारतीय विदेशमन्त्री एस जयशङ्करको भेट र नेपालले गरेका सम्झौताबारे जिज्ञासा राखेपछि त्यसबारे स्पष्ट गर्दै प्रधानमन्त्री दाहालले उक्त कुरा बताएका हुन् ।

प्रधानमन्त्रीले भने, "हिजो भारतीय विदेशमन्त्रीसँग मेरो 'वान टु वान' र नेपाली प्रतिनिधिमण्डलसहितको भेट भएको थियो, भेटमा मैले नेपालको राष्ट्रियहित र विद्युत् व्यापार सम्झौताबारे नै कुरा गरेको छु, विद्युत् व्यापार सम्झौता नेपालको राष्ट्रिय हितमा छ, नेपालले १० वर्षमा १० हजार मेगावाट विद्युत् निर्यात गर्ने सम्झौता भएको छ ।"

रु बीस करोडसम्मका परियोजनामा भारत एक्लैले निर्णय नगर्ने भन्दै प्रधानमन्त्री दाहालले यसमा नेपालको पनि निर्णय र साझेदारी रहने स्पष्ट पारे । उनले भने, "मुख्य कुरा जसले उत्पादन गरेको भए पनि १० वर्षमा १० हजार मेगावाट विद्युत् भारतले किन्ने सम्झौता भएको छ, अरू कुनै भ्रम राख्न जरूरी छैन, सम्झौताको कार्यान्वयन पनि नेपालको राष्ट्रिय हितअनुरूप नै हुन्छ ।"


भारतीय विदेशमन्त्रीले चिनियाँ प्रतिनिधिको नेपाल भ्रमणबारे चासो राखेका रहेछन् नी भन्ने सांसदहरूको प्रश्नलाई जवाफ दिँदै प्रधानमन्त्रीले भने, "त्यसबारे उहाँले 'वान टु वान' र संयुक्त भेटमा पनि एक शब्द उच्चारण गर्नुभएन, त्यो बाहिर आएको भ्रम र प्रचार मात्र हो, त्यसमा कुनै सत्यता छैन ।"

प्रधानमन्त्रीले संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई संशोधन गर्न बनेको विधेयकमा सकेसम्म सर्वसम्मतिमा जोड दिइएको उल्लेख गर्दै संवैधानिक नियुक्तिमा विगतमा देखिएका बेथिति र समस्या निवारण गर्न संशोधन विधेयक ल्याइएको बताए ।

# एकीकृत समाजवादी सचिवालय बैठक स्थगन

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा (एकीकृत समाजवादी) को आसन्न राष्ट्रियसभा निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार छनौट गर्न शुक्रबार बस्ने बैठक स्थगन भएको छ । पार्टी केन्द्रीय कार्यालयमा बोलाइएको बैठकको तयारी नपुगेकाले सचिवालय बैठक शनिबार बस्ने गरी स्थगित गरिएको हो ।




उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाका अनुसार विभिन्न जिल्ला तथा जनवर्गीय सङ्गठनबाट सिफारिस गरिएका उम्मेदवारमध्ये पार्टी सङ्गठन निर्माणमा योगदान, सम्बन्धित क्षेत्रमा जनस्तरमा समर्पित तथा लोकप्रिय र क्षमता भएर पनि अवसर प्राप्त नगरेका नेतालाई उम्मेदवार छनौट गर्ने कार्यविधिका आधारमा उम्मेदवारको छनौट गरिने छ ।

राष्ट्रियसभाका उम्मेदवारको नामावली टुङ्गो लगाएपछि विधान संशोधनबारे बैठकमा छलफल गरिने छ । आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि पुस २३ गते सोमबार उम्मेदवारी मनोनयनको समय निर्वाचन आयोगले तोकेको छ ।

# 'विकासको एजेण्डालाई सहमतिले अगाडि बढाऔँ'

**टुडे समाचारदाता**

सुर्खेत । उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्काले कर्णाली प्रदेशलाई समृद्ध बनाउने जिम्मेवारी सबैको रहेकाले विकासका एजेन्डालाई एकताका साथ अगाडि बढाउनुपर्नेमा जोड दिएका छन् ।



शुक्रबारदेखि वीरेन्द्रनगरमा सुरु भए भएको ३४औं राष्ट्रिय पुरुष भलिबल प्रतियोगिताको उद्घाटनसत्रमा मन्त्री खड्काले राजनीतिज्ञले जनताको साथ लिएर सम्पूर्ण शक्ति प्रयोग गरी एकताबद्ध भइ विकासको गतिलाई अगाडि बढाउन आवश्यक रहेको बताए ।

नेतृत्व लिने कुरा महत्वपूर्ण नभएको भन्दै उनले कमजोरीलाई स्वीकार गरी नयाँ सङ्कल्प र विश्वासका विकासका लागि एकजुट हुन आग्रह पनि गरे । राजनीतिक आस्था फरकफरक भए पनि प्रदेश बनाउनका लागि न्यूनतम समझदारी हुनपर्ने उनको भनाइ थियो ।

प्राथमिकतामा कुनै तलमाथि भए पनि कर्णालीको जलस्रोत उपयोग, सडक, मैदान तथा अन्य विकास निर्माणमा कुनै विवाद नभएको उनले उल्लेख गरे । उनले जलस्रोतको उपयोग गर्न लगानीकर्तासँग समझदारी भइरहेको समेत सो अवसरमा जानकारी दिए । "जलविद्युत् क्षेत्रका लगानीकर्ताका लागि बजारको सुनिश्चितता हुने गरी काम भएका छन्", उनले भने, "यसमार्फत कर्णालीको विकासमा सहयोग पुग्नेछ ।"

दशौं राष्ट्रिय खेलकुद आयोजना गर्ने जिम्मेवारी पाएको कर्णाली प्रदेशले सबैको प्रयासमा सफलतापूर्वक सम्पन्न गर्ने उनको सुझाव थियो । उनले रङ्गशाला निर्माणका लागि धन्यवाद दिदै खेलकूदसम्बनधी संरचना निर्माणका लागि सङ्घीय सरकारले बजेट व्यवस्थापन गर्ने प्रतिबद्धता समेत जनाए ।

३४औं राष्ट्रिय पुरुष भलिबल प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टिमको सहभागिता भएका छन् । प्रतियोगिताका लागि आर्थिक सहयोग कर्णाली प्रदेश सरकार गर्नेछ भने व्यवस्थापकमा कर्णाली प्रदेश भलिबल सङ्घ रहेको सङ्घका कर्णाली प्रदेश अध्यक्ष कृष्ण श्रेष्ठले जानकारी दिएका छन् । यस प्रतियोगितामार्फत राष्ट्रिय टिम छनोट हुनेछ । खेलाडी व्यवस्थापन सङ्घले गर्नेछ । यसअघि २०५५ सालमा सुर्खेतमा राष्ट्रिय भलिबल प्रतियोगिता आयोजना भएको थियो ।

# उत्तर कोरियाद्वारा दक्षिण कोरियाली टापुनजिकै तोप आक्रमण

**एएफपी**

सियोल । उत्तर कोरियाले दक्षिण कोरियाका दुई टापुनजिकै शुक्रबार २०० भन्दा बढी तोपगोला प्रहार गरेको सियोलको रक्षा मन्त्रालयले जनाएको छ।

सन् २०१० मा उत्तर कोरियाले एउटा टापुमा गोलाबारी गरेपछि दुई कोरियाबीच भएको सबैभन्दा गम्भीर सैन्य तनावका कारण दुई टापूका बासिन्दालाई सुरक्षित स्थानमा जान आदेश दिइएको थियो।प्योङ्याङमा किम जोङ उन नेतृत्वको सरकारले दक्षिण कोरिया र उसको अमेरिकी सहयोगीविरुद्ध युद्धका लागि तयार रहेको बारम्बार चेतावनी दिएपछि शुक्रबारको प्रत्यक्ष गोलीबारी भएको हो।



"उत्तर कोरियाली सेनाले स्थानीय समय अनुसार शुक्रबार योनप्योङ टापुको जाङसान-गोटको उत्तरी भाग र उत्तरी क्षेत्रमा बिहान ९:०० देखि ११:०० सम्म २०० भन्दा बढी चरण तोप आक्रमण गरेको छ," दक्षिण कोरियाली रक्षा मन्त्रालयका एक अधिकारीले पत्रकारहरूसँगको संक्षिप्त कुराकानीमा भन्नुभयो । "यो उत्तेजक कार्य हो र यसले कोरियाली प्रायद्वीपको शान्तिलाई खतरामा पारेको छ," मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

विज्ञप्तिमा भनिएको छ, "हामी उत्तर कोरियालाई यस बढ्दो सङ्कटको पूर्ण जिम्मेवारी वहन गर्न कडा चेतावनी दिन्छौं र ती कार्यहरू तत्काल रोक्न जोडदार आग्रह गर्दछौं।

"हाम्रो सेनाले संयुक्त राज्य अमेरिकासँगको समन्वयमा स्थितिलाई नजिकबाट नियालिरहेको छ र उत्तर कोरियाको उक्साहटको जवाफमा उचित कदम चाल्नेछ," उहाँले भन्नुभयो।

योनप्योङ टापुका स्थानीय अधिकारीहरूले एएफपीलाई बताएअनुसार सर्वसाधारणलाई सुरक्षित स्थानमा जान भनिएको छ र यो आदेशलाई युद्ध 'रोकथामको उपाय' को रूपमा वर्णन गरिएको छ।

दक्षिण कोरियाको योनप्योङ टापु पहेँलो सागरमा अवस्थित छ। यो उत्तर कोरियाको इन्चोनबाट लगभग ८० किलोमिटर पश्चिम र ह्वाङ्हाई प्रान्तको समुद्री तटबाट १२ किलोमिटर दक्षिणमा पर्छ।

बाङ्न्योङ टापुका अधिकारीहरूले पनि त्यहाँबाट उद्धार आदेश जारी गरेको जानकारी दिएका छन्।"हामी अहिले उद्धारको घोषणा गरिरहेका छौं," बाङ्न्योङ टापुका एक स्थानीय जिल्ला अधिकारीले एएफपीसँग भन्नुभयो, "दक्षिण कोरियाली सेनाले चाँडै नै नौसैनिक अभ्यास गर्ने जानकारी पाएको छु।"

"सुरुमा मलाई यो हाम्रो आफ्नै सेनाले गरेको परीक्षण हो भन्ने लागेको थियो तर पछि उत्तर कोरियाले आक्रमणको पुष्टि छ," बेङ्न्योङ टापुका बासिन्दा किम जिन-सोले स्थानीय प्रसारक वाईटीएनसँग बताउनुभयो।

प्योङ्याङले सन् २०१० को नोभेम्बरमा योनप्योङ टापुमा १७० वटा तोपको गोला प्रहार गरेको थियो। आक्रमणमा सन् १९५०-५३ को कोरियाली युद्धपछि उत्तर कोरियाले पहिलो पटक दुई सर्वसाधारणसहित चार जनाको ज्यान लिएको छ।

किमले धेरै उन्नत आईसीबीएमको परीक्षण गर्दै देशको संविधानलाई आणविक शक्तिको दर्जा दिएपछि दुई कोरियाबीचको सम्बन्ध दशकौँ यताकै सबैभन्दा तल्लो बिन्दुमा पुगेको छ।

प्योङ्याङको यस वर्षको अन्त्यमा भएको महत्वपूर्ण नीतिगत बैठकमा किमले दक्षिण कोरियामाथि आणविक आक्रमण हुनसक्ने चेतावनी दिँदै सशस्त्र द्वन्द्वअघि नै देशको सैन्य शस्त्रागार निर्माण गर्न आह्वान गर्नुभएको थियो।

उहाँले संयुक्त राज्य अमेरिकाले ' विभिन्न प्रकारका सैन्य खतरा' खडा गरेको आरोप लगाउनुभएको र आफ्नो सशस्त्र सेनालाई 'बृहत् युद्ध प्रतिक्रिया क्षमता' कायम राख्न आदेश दिनुभएको थियो।

आदेशको पुष्टि गर्दै उत्तर कोरियाको आधिकारिक समाचार संस्था केसीएनएले भनेको थियो, "उत्तर कोरियामा आक्रमण गर्ने शत्रुहरूको लापरबाहीपूर्ण चालका कारण कोरियाली प्रायद्वीपमा कुनै पनि बेला युद्ध भड्किन सक्छ भन्ने निष्कर्ष बैठकले निकालेको छ।"

प्योङ्याङलाई रोक्नका लागि वासिङ्टनले गत वर्षको अन्त्यतिर दक्षिण कोरियाको बन्दरगाह शहर बुसानमा आणविक शक्तिसम्पन्न पनडुब्बी तैनाथ गरेको थियो र सियोल र टोकियोसँगको अभ्यासमा आफ्ना लामो दूरीका बमवर्षक विमान उडाएको थियो।

उत्तर कोरियाले कोरियाली प्रायद्वीपमा संयुक्त अभ्यासमा वासिङ्टनका बी-५२ बमवर्षक जस्ता रणनीतिक हतियार तैनाथ गर्नुलाई 'जानाजानी आणविक युद्ध उत्तेजक कदम' को संज्ञा दिएको छ।

सम्मेलनको समापनपछि किमले भन्नुभयो, "सेनाले कुनै पनि सम्भावित आणविक सङ्कटको द्रूत तयारी गर्नुपर्छ र आकस्मिक रूपमा आणविक बलसहित सबै भौतिक साधन र शक्तिहरू परिचालन गरेर दक्षिण कोरियाको सम्पूर्ण भूभागलाई दबाउने महान् घटनाको तयारीलाई निरन्तर उत्प्रेरित गर्नुपर्दछ।" सन् २०२३ मा, उत्तर कोरियाले युक्रेनका लागि हतियार स्थानान्तरणको बदलामा रूसबाट सहयोग प्राप्त गरेपछि सफलतापूर्वक एक टोही उपग्रह प्रक्षेपण गरेको थियो।

# बगर बन्यो खेलमैदान

**टुडे समाचारदाता**

म्याग्दी । म्याग्दीको मङ्गला गाउँपालिका-५ कैलाशफाँटमा झाडीले भरिएको बगरलाई खेलमैदानमा परिणत गरिएको छ। म्याग्दीनदीकिनारमाझाडीलेभरिएको बगर र सार्वजनिक जमिनमा तटबन्ध गरी सम्याएर बनाइएको खेलमैदानलाई श्रमदानमार्फत स्तरोन्नति गरी प्रयोगमा ल्याएको हो।



मङ्गला-५ का वडाध्यक्ष भूपेन्द्र खत्रीले जनप्रतिनिधि, स्थानीयवासी, खेलाडी र विद्यार्थीले श्रमदान गरेर झाडीयुक्त बगरलाई खेलमैदानमा परिणत गरेका जानकारी दिए । "चार वर्षअघि डोजरले जमिन सम्याउने काम भए पनि खेलमैदान प्रयोगमा नआउँदा झाडीले भरिएको थियो", उनले भने, "पुस १ देखि १२ गतेसम्म सञ्चालन भएको श्रमदान अभियानमार्फत स्तरोन्नति गरिएको थियो।" उनका अनुसार उक्त खेलमैदानमा पुस १५ देखि १७ गतेसम्म पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरिएको छ।

खेलमैदानमा झाडी फाँड्ने, रहेका ढुङ्गा टिपेर व्यवस्थापन गर्ने, सम्याउने र स्टेज बनाउन म्याग्दी नदी किनारबाट ढुङ्गा ढुवानी गर्न एक हजार पाँच सयले श्रमदान गरेका वडाध्यक्ष खत्रीले बताए। उनका अनुसार ससाना ढुङ्गा हटाउने, माटो राख्ने र खाल्डाखुल्डी पुरेर खेल्ने क्रममा चोटपटक नलाग्ने बनाइएको छ।

बाबियाचौर, पीपलबोट, रणवाङका युवाक्लब र आमासमूहको नेतृत्वमा दैनिक २० देखि ३० जनाका दरले स्थानीयवासी श्रमदान अभियानमा सहभागी भएका पीपलबोटका युवा श्यामसुन्दर कँडेलले बताए। बाबियाचौरको मङ्गला मावि, डनिङ आवासीय र छिस्वाङको शारदा माध्यमिक विद्यालयका विद्यार्थीले बिदाको दिन खेलमैदानमा श्रमदान गरेका थिए।

गाउँपालिकाले जमिन सम्याउन डोजर परिचालन गर्नुका साथै स्टेज बनाएको छ। जमिन सम्याउन डोजर भाडा र स्टेज बनाउन रु पाँच लाख बराबरको खर्च भएको गाउँपालिकाका प्राविधिक नगेन्द्र सापकोटाले जानकारी दिए । "झाडीले भरिएको कैलाशफाँट अहिले व्यवस्थित बनेको छ । खेलमैदानले स्वरुप लिएको छ", उनले भने।

गण्डकी प्रदेशको एक स्थानीय तह, एक खेलमैदान कार्यक्रममार्फत रु १५ लाख बजेटबाट विसं २०७६ मा १२० मिटर लम्बाइ र ७१ मिटर चौडाइ भएको खेलमैदान बनाइएको थियो । खेलमैदानलाई कटानबाट बचाउन म्याग्दी नदीको किनारमा एक सय २० थान ग्याबियन पर्खाल निर्माण गरिएको थियो।

गाउँपालिकाको केन्द्र बाबियाचौर, पीपलबोट, सहश्रधारा र रणवाङलाई पायकपर्ने ठाउँमा रहेको कैलाशफाँट नजिकै हालै झोलुङ्गे पुल निर्माण भएको छ । व्यवस्थित खेलमैदान अभावमा खेलकुद गतिविधि र प्रतियोगिता सञ्चालन गर्न तथा खेलाडीले खेल अभ्यास गर्न समस्या थियो।

गाउँपालिकाका अध्यक्ष शतप्रसाद रोकाले विद्यालय परिसरमा खेलकुद गतिविधि सञ्चालन गर्दा पठनपाठन प्रभावित भएकाले खेलकुदका लागि वैकल्पिक स्थानमा खेलमैदान बनाउने अभियान चलाइएको बताए। कैलाशफाँटको खेलमैदानलाई पालिकास्तरीय बनाउने योजना रहेको उनको भनाइ थियो।

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको सङ्ख्या ९२ पुग्यो



**सिन्ह्वा**

टोकियो । जापानको इशिकावामा ७.६ म्याग्निच्युडको भूकम्प गएको चौथो दिनसम्ममा मृत्यु हुनेको सङ्ख्या ९२ पुगेको छ। यस क्षेत्रमा उद्धार तथा खोजी कार्यहरू तीव्र रूपमा भइरहेको छ क्षतिको तथ्याङ्क भने बढ्दै गएको देखिन्छ।

स्थानीय समय अनुसार शुक्रबार बिहान ९ बजेसम्म इशिकावामा २४२ जना बेपत्ता भएको जापानी समाचार संस्था, क्योदोले क्षेत्रीय अधिकारीहरूलाई उद्धृत गर्दै जानकारी दिएको छ।

भूकम्पपछि सबैभन्दा प्रभावित तटीय सहर वाजिमामा अझै पनि ४० भन्दा बढी मानिसहरु भग्नावसेसमा फसेका छन् । जापानको सेल्फ डिफेन्स फोर्सका अनुसार, प्रहरी र दमकल विभागका चार हजार ६०० कर्मचारीहरु मिलेर बेपत्ताहरूको खोजी तथा सुरक्षाको पुष्टि गर्ने प्रयासहरू गरिरहेका छन्।

क्योदोका अनुसार जापानको भू-स्थानिक सूचना प्राधिकरणलाई उद्धृत गर्दै वाजिमा सहरको केन्द्रमा भुइँचालोका क्रममा आगलागी भएपछि करिब ४८ हजार वर्ग मिटर क्षेत्रफल नष्ट भएको छ।क्षतिग्रस्त क्षेत्रका १० भन्दा बढी स्थानमा पहिरोले सडक अवरुद्ध भएकाले अत्यावश्यक सामग्रीको पुर्‍याउन चुनौती थपिएको छ। यसैबीच, ७०० भन्दा बढी व्यक्तिहरू भूकम्प प्रभावित वाजिमाका वरपरका विभिन्न स्थानमा फसेका छन्।

भूकम्पले यस क्षेत्रको पूर्वाधारमा गम्भीर असर परेको छ । लगभग तीस हजार घरधुरीले बिद्युत अवरूद्धताको सामना गरिरहेका छन्। करिब १३ सहरका ८० हजार घरधुरीललाई खानेपानी आपूर्तिमा समस्या भएको छ । इशिकावामा करिब ३७० तिन निकासी केन्द्रहरूमा करिब ३३ हजार मानिसहरू बसेका छन्। शौचालयलगायतका सरसफाइसम्बन्धी विषयमा पनि चिन्ताजनक अवस्था देखा परेको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन्।

सोमबार इशिकावाको नोटो क्षेत्रमा ७.६ म्याग्निच्युडको भूकम्प गएको थियो । जापान मौसम विज्ञान अनुसनधानसम्बन्धी निकायले भूकम्पलाई नोटो प्रायद्वीप भूकम्प २०२४ नामाकरण गरेको छ।

# मेक्सिकोमा ३२ आप्रवासीको अपहरणपछि फिरौती माग

**एएफपी**

मेक्सिकोसिटी । उत्तरी मेक्सिकोमा उद्धार गरिएका ३२ आप्रवासी अपहरण गर्ने गिरोहले संयुक्त राज्य अमेरिकामा रहेका अपहरितहरूका आफन्तसँग रकम असुल्नखोजेकोमेक्सिकोकाराष्ट्रपति आन्द्रेस म्यानुएल लोपेज ओब्राडोरले शुक्रबार बताउनुभएको छ।

मेक्सिकोको तमाउलिपास राज्य हुँदै अमेरिकी सीमासम्म बसमा यात्रा गर्ने क्रममा शनिबार ती आप्रवासीको अपहरण गरिएको थियो । अपहरण र फिरौतीको धम्कीका कारण मेक्सिकोका धेरै राजमार्गहरू खतरनाक मार्ग मानिन्छन्।

"अपहरणकारीले बसका चालक र मेक्सिकोका यात्रुलाई रिहा गरेका छन्", राष्ट्रपति लोपेज ओब्राडोरले बिहानको नियमित भेटघाटका क्रममा भन्नुभयो, "अपहरणकारीले खोजी अभियानको एक भागको रूपमा अधिकारीहरू तैनाथ गरिएको थाहा पाएपछि उनीहरूलाई रिहा गर्ने निर्णय गरेका थिए।"

"अनुसन्धान जारी छ," उहाँले भन्नुभयो, "अहिलेका लागि, उनीहरूलाई 'सुरक्षित र स्वस्थ' जीवितै रिहा गरिएकोमा खुशी मनाऔँ।"मेक्सिकोको नेसनल माइग्रेसन इन्स्टिच्युटले बिहीबार अबेर राति जारी विज्ञप्तिमा भनिएको छ, "मेक्सिकोले आप्रवासीहरूलाई मानवीय आधारमा भिसा प्रदान गर्नेछ र उनीहरूलाई सार्वजनिक सेवाहरूमा पहुँच प्रदान गर्नेछ।"

तामौलिपासका गभर्नर अमेरिको भिल्लारियलले मिलिनियो टेलिभिजनलाई दिएको जानकारीअनुसार अपहरणमा परेकामध्ये एक वर्षीय बालकसहित नौ जना बालबालिका रहेका छन्।उद्धार गरिएकामध्ये अधिकांश भेनेजुएलाका र केही होन्डुरसका नागरिक रहेको उहाँले बताउनुभयो। यसअघि अधिकारीहरूले यो संख्या ३१ रहेको बताएका थिए।

राष्ट्रपतिका प्रवक्ता जिसस रामिरेजले उपचार गराइरहेको र टेडी बियर समातेको बच्चासहितको तस्बिर ती आप्रवासीले सार्वजनिक गरेका जानकारी दिनुभयो।सरकारी अधिकारीले चालकलाई उद्धृत गर्दै यसअघि बताएअनुसार बसलाई पाँचवटा गाडीले रोकेको र भेनेजुएला, कोलम्बिया, होन्डुरस, इक्वेडरलगायतका मुलुकका आप्रवासीलाई लगेको बताएका थिए।

बस छिमेकी राज्य नुएभो लियोनको मोन्टेरी शहरबाट छुटेको थियो र टेक्सासको ब्राउन्सभिलबाट सीमापारी माटामोरोसतर्फ गइरहेको थियो।मेक्सिको पार गर्ने आप्रवासीहरूले सामना गर्नु परिरहेको मुख्य खतराहरूमध्ये आपराधिक गिरोहहरूद्वारा हुने अपहरण, सडक यातायात दुर्घटना र सुरक्षा बलहरूद्वारा फिरौतीसहित अन्य खतराहरू हुन्।

हालैका हप्ताहरूमा आप्रवासन बढ्दै जाँदा हरेक दिन १० हजारको हाराहारीमा आप्रवासीहरूले सीमा पार गर्ने गरेको रिपोर्ट अमेरिकी सीमा प्रहरीले गरेको छ।

# अन्डर १९ विश्वकपका लागि खेलाडीको बिदाइ



**टुडे समाचारदाता**

काठमाण्डु। दक्षिण अफ्रिकामा आयोजना हुने आइसिसी यू-१९ (उन्नाइस वर्षमुनि) विश्वकप क्रिकेट प्रतियोगितामा सहभागी हुन जाने नेपाली टोलीलाई बिदाइ गरिएको छ।

नेपाल क्रिकेट सङ्घ (क्यान) द्वारा शुक्रबार आयोजित कार्यक्रममा राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव टङ्कलाल घिसिङ, क्यानका अध्यक्ष चतुरबहादुर चन्दलगायतले टोलीलाई सफलताको शुभकामना दिनुभयो । आगामी माघ ५ गतेदेखि २८ गतेसम्म आयोजना हुने उक्त प्रतियोगितामा १६ राष्ट्रका खेलाडी सहभागी छन् । सहभागी टोलीलाई चार समूहमा विभाजन गरिएको छ । नेपाल समूह 'डी' मा रहेको छ। नेपाल रहेको समूहमा अफगानिस्तान, पाकिस्तान र न्युजिल्यान्ड छन्।

त्यस्तै समूह 'ए' मा भारत, बङ्गलादेश, आयरल्यान्ड र अमेरिका, समूह 'बी' मा इङ्ल्यान्ड, दक्षिण अफ्रिका, वेस्ट इन्डिज र स्कटल्यान्ड तथा समूह 'सी' मा अस्ट्रेलिया, श्रीलङ्का, जिम्बावे र नामिबिया छन् । प्रत्येक समूहका शीर्ष तीन टोली अर्को चरणमा प्रवेश गर्नेछन्।

नेपालले आइसिसी एसिया छनोटमा संयुक्त अरब इमिरेट्स (युएई) लाई पराजित गर्दै विश्वकपको यात्रा तय गरेको थियो । नेपालले पहिलो खेल आगामी माघ ७ गते न्युजिल्यान्डसँग खेल्ने छ। दोस्रो खेल माघ १० गते पाकिस्तानसँग तथा तेस्रो खेल माघ १३ गते अफगानिस्तानसँग खेल्नेछ । त्यसअघि नेपालले यही पुस २८ गते स्कटल्यान्ड र माघ २ गते वेस्ट इन्डिजसँग अभ्यास खेल खेल्नेछ।

क्यानले विश्वकपका लागि बिहीबार देव खनालको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको थियो । नेपाली टोलीमा कप्तान खनालसहित गुल्सनकुमार झा, दीपकप्रसाद डुम्रे, अर्जुन कुमाल, आकाश त्रिपाठी, दुर्गेश गुप्ता, विशालविक्रम केसी, दीपक बोहरा, सुवास भण्डारी, दीपेशप्रसाद कँडेल, उत्तम थापा मगर, दीपक बोहरा, विपिन रावल, तिलकराज भण्डारी र आकाश चन्द छन्।

# सन् २०२४ को विश्व आर्थिक वृद्धि सुस्त रहने

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ । सन् २०२४ मा आर्थिक बृद्धि घटेर २.४ प्रतिशत कायम रहने संयुक्त राष्ट्रसङ्घको अवस्था र सम्भावना २०२४ नामक प्रतिवेदनले बिहीबार सार्वजनिक गरेको छ। सन् २०२३ मा विश्व आर्थिक बृद्धि २.७ प्रतिशत रहेका थियो।

विश्वव्यापी कमजोर व्यापारीक क्रियाकलाप, उच्च सार्वजनिक ऋण, लगातार घट्दो लगानी दर तथा बढ्दो भूराजनीतिक तनावले विश्वव्यापी वृद्धिलाई जोखिममा पारेको प्रतिवेदनले जनाएको छ।

संयुक्त राज्य अमेरिकामा उच्च ब्याज दर न्युन उपभोक्ता खर्च तथा कमजोर श्रम बजारहरूका कारण सन् २०२४ मा आर्थिक वृद्धि सुस्त हुने अनुमान गरिएको छ।

विकासोन्मुख देशहरू पूर्वी एसिया, पश्चिमी एसिया, ल्याटिन अमेरिका तथा क्यारेबियाली मुलुकका अल्पकालीन वृद्धि सम्भावनाहरू सङ्कुचित र चुनौतीपूर्ण वित्तीय अवस्था र सुस्त बाह्य मागका कारण कमजोर हुँदै गएका छन्।


न्यून आय तथा कमजोर अर्थतन्त्रहरूले भुक्तानी सन्तुलनको दबाब र ऋणले जोखिमको सामना गरिरहेका छन्। साना, टापु तथा विकासशील राज्यहरूको आर्थिक सम्भावनामा ऋणको बोझ, उच्च ब्याजदर तथा बढ्दो जलवायु जोखिमले बाधा पर्ने रिपोर्टले जनाएको छ।

# रूसले उत्तर कोरियाली क्षेप्यास्त्र प्रयोग गरेको अमेरिकाको दावी

**एएफपी**

वासिङ्टन। उत्तर कोरियाले युक्रेनमा हालै भएको आक्रमणमा प्रयोग भएका ब्यालेस्टिक क्षेप्यास्त्र र लन्चर रूसलाई उपलब्ध गराएको ह्वाइट हाउसले बिहीबार जनाएको छ।

राष्ट्रपति भ्लादिमिर पुटिनले युक्रेनमा आक्रमण गरेको करिब दुई वर्ष हुँदै गर्दा रूसले आफ्नो सहयोगी इरानसँग क्षेप्यास्त्र खरिद गर्न खोजी गरिरहेको छ।



उत्तर कोरियाली नेता किम जोङ उनले दक्षिण कोरिया र संयुक्त राज्य अमेरिकासँगको 'सैन्य भिडन्त'को तयारीका लागि क्षेप्यास्त्र लञ्चरको उत्पादन बढाउन आह्वान गरेपछि ह्वाइट हाउसको यो टिप्पणी आएको कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसीएनए)ले जनाएको छ।अमेरिकी राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीका अनुसार प्योङ्याङले आपूर्ति गरेको करिब ९०० किलोमिटर (५५० माइल) लामो दूरीमा हान्ने क्षेप्यास्त्रले रूसले युक्रेनमा गत साता दुई पटक आक्रमण गरेको थियो।

ह्वाइट हाउसमा आयोजित पत्रकार सम्मेलनमा कर्बीले भन्नुभयो, "हाम्रो जानकारीले के देखाउँछ भने प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (उत्तर कोरिया) ले हालै रूसलाई ब्यालेस्टिक क्षेप्यास्त्र लन्चर र केही ब्यालेस्टिक क्षेप्यास्त्र उपलब्ध गराएको छ।""यो रुसका लागि उत्तर कोरियाको समर्थनको एक महत्वपूर्ण हिस्सा हो र यसले विश्व समुदायको चिन्तालाई बढाएको छ।"

"यस घटनाक्रमले अमेरिकी काङ्ग्रेस (संसद्)ले युक्रेनका लागि महत्वपूर्ण सैन्य सहायताको प्याकेज पारित गर्नुपर्ने आवश्यकतालाई जोड दिएको छ । अमेरिकी समर्थनबिना युद्धमा युक्रेनीको आशा चाँडै उडाड हुनेछ," कर्बीले भन्नुभयो। हालैका दिनहरूमा रूसले हवाई आक्रमण गरेको युक्रेनका लागि हवाई प्रतिरक्षा 'पूर्णतया' अमेरिकी प्राथमिकतामा रहेको उहाँले बताउनुभयो।

कर्बीले भन्नुभयो, "काङ्ग्रेसले यस अवस्थालाई बुझ्नु र युक्रेनीहरूलाई उनीहरूको रक्षाको लागि आवश्यक चीजहरू प्रदान गरेर प्रतिक्रिया दिनु महत्वपूर्ण छ।"रूसी सेनाले डिसेम्बर ३० मा उत्तर कोरियाले आपूर्ति गरेको क्षेप्यास्त्रमध्ये कम्तीमा एउटा क्षेप्यास्त्र प्रक्षेपण गरेको थियो, जुन जापोरिजिया क्षेत्रको खुला मैदानमा खसेको थियो।त्यसपछि मस्कोको सेनाले जनवरी २ मा युक्रेनमा 'दर्जनौँ' ब्यालेस्टिक क्षेप्यास्त्र प्रहार गरेको थियो।

साङजी विश्वविद्यालयका सैन्य अध्ययनका प्राध्यापक चोइ गि इलले एएफपीसँग कुरा गर्दै मस्को-प्योङ्याङ हतियार स्थानान्तरण रूसले युद्धमा सियोलको आफ्नै भूमिकाप्रति 'आक्रोश व्यक्त गर्ने' तरिका हुन सक्ने बताउनुभयो । उहाँले भन्नुभयो, "दक्षिण कोरिया युक्रेनको लागि प्रमुख हतियार निर्यातकर्ता हो । दक्षिण कोरियाले नेटो राष्ट्रहरूसँग हतियार सम्झौता मार्फत अप्रत्यक्ष रूपमा युक्रेनलाई सहयोग गरिरहेको छ ताकि कीएभलाई उनीहरूको हतियार आपूर्तिको लागि सहयोग पुग्न सकोस्।"

सोलले युक्रेनको प्रमुख सहयोगी पोल्याण्डमा ट्याङ्क र होवित्जर पठाउन अर्बौं डलरको सम्झौतामा हस्ताक्षर गरेको छ।"रूसले युक्रेनमाथि गरेको आक्रमणका कारण दुई कोरियाबीच हतियारको होडबाजी सुरु भएको हो," चोइले भन्नुभयो।

"संयुक्त राज्य अमेरिका र उसका सहयोगीहरूले उत्तर कोरियाविरुद्ध संयुक्त राष्ट्रसंघको प्रतिबन्धहरूको उल्लङ्घनको कुरालाई युद्धमा उत्तर कोरियाली हतियार प्रयोगसम्बन्धी नयाँ हतियार स्थानान्तरणको मुद्दा संयुक्त राष्ट्र सङ्घ सुरक्षा परिषद्मा उठाइनेछ," कर्बीले भन्नुभयो।

रूसले उत्तर कोरियाली क्षेप्यास्त्र प्रयोग गरेकोमा बेलायतले कडा शब्दमा निन्दा गरेको छ।रूसले युक्रेनमा आफ्नो सनकी र गलत सैन्य उद्देश्य पूरा गर्न उत्तर कोरियाको हतियारका लागि उत्तर कोरियातर्फ मोडिरहेको छ।

# बढेन तेजपातको मूल्य

टुडे समाचारदाता


बेलबारी । मूल्य लगातार घटेपछि तेजपात उत्पादक किसान निराश भएका छन् । उत्पादन बढे पनि अघिल्लो वर्षको तुलनामा कम मूल्य पाएको किसानको गुनासो छ । तेजपात पूर्वी नेपालको व्यापार घाटा कम गर्न सहयोगी बन्दै आएको निर्यातजन्य कृषि उत्पादन हो ।

मोरङको केराबारी गाउँपालिका-२ सिंहदेवीका नगेन्द्रकुमार खाण ठकुरीले एक सयभन्दा बढीको संख्यामा तेजपातका भाङ लगाएका छन् । वर्षमा एक पटकमात्र काट्न मिल्ने तेजपातको उत्पादनका हिसाबले कम मूल्य पाएको उनले बताए । ठकुरीले करिब १४ वर्षअघि लगाउनुभएको उक्त भाङले चार वर्षअघिदेखि उत्पादन दिन थालेका हुन् ।

तीन वर्षसम्म प्रतिकेजी रु ५० मा बिक्री गरेको तेजपात गत वर्ष रु ४० मा बिक्री गरिएको ठकुरीले जानकारी दिए। "एउटा रूखमा १५ देखि २० किलोसम्म सुकेको तेजपात उत्पादन हुन्छ", उनले भने, "सय रूखबाट वार्षिक ५० हजारसम्म कमाउन सकिन्छ ।"

ठकुरी जस्तै केराबारी-२ का देवीबहादुर ठकुरी र अटल सिंह राईले पनि तेजपातको व्यावसायीक खेती गर्दै आउनुभएको छ । यहाँ उत्पादित तेजपात केराबारी, लेटाङ बजार र सुनसरीको धरानमा बिक्री हुने गरेको राईले बताए ।

विगत दश वर्षयता तेजपातको खरिद-बिक्री गर्दै आउनुभएका लेटाङका लोकहादुर लिम्बूले भने, "नेपालमा प्रशस्त मसला उद्योग खुलेकाले तेजपातको भारततर्फ निकासी घटेको छ । भारतीय व्यापारीको तुलनामा नेपाली व्यापारीले कम मूल्य दिने गरेकाले किसानले उपयुक्त मूल्य नपाएका हुन् ।" नेपाली तेजपातको माग स्थानीय बजारमा उच्च रहेको उनको भनाइ थियो । मोरङका उत्तरी भेगका पहाडी पालिका र धनकुटा, पाँचथर र इलाम जिल्लाका दक्षिणी गाउँको सम्पूर्ण उत्पादन लेटाङमा सङ्कलन हुने गरेको छ। लेटाङसँग पहाडी गाउँको सडक सञ्जाल जोडिएपछि तेजपातका व्यापारी मोरङको लेटाङ र केराबारी बजारमा काँटा थापेर बसेका छन् । तेजपात नेपालका मसला उद्योग र भारततर्फ निकासी हुने गरेको छ।



केराबारी-२ सिंहदेवीमा तेजपात सङ्कलन गरी लेटाङ बजारमा बिक्रीका लागि आउनुभएका देवी ठकुरीले तेजपातको व्यावसायिक उत्पादन हुन थालेको बताए । उत्तरी मोरङका धेरै किसानले खेतबारीमा तेजपात लगाएका उनको भनाइ थियो । "एक वर्ष राम्रो बाली दिएको बोटले अर्को वर्ष आम्दानी खासै दिँदैन । पहिले दाउराका लागि रोपिने तेजपात किन्न गाउँगाउँमा व्यापारी पुग्न थालेपछि किसानले बारीमा थप बिरुवा रोप्न थालेका छन्", उनले भने ।

विराटनगर भन्सार कार्यालयका अनुसार आर्थिक वर्ष २०७९/८० मा विराटनगर भन्सार कार्यालयबाट रु आठ करोड ५७ लाख ३० हजार मूल्य बराबरको एक हजार दुई सय ७५ मेट्रिक टन तेजपात भारत निकासी भएको थियो । चालु आर्थिक वर्षको मङ्सिरसम्ममा रु दुई करोड ८१ लाख छ हजार मूल्य बराबरको चार सय मेट्रिक टन तेजपात निर्यात भएको छ ।

नेपालको महाभारत पर्वतीय शृखंलामा समुद्री सतहबाट एक सय मिटरदेखि दुई हजार पाँच सय मिटर उच्च क्षेत्रमा तेजपातको रूख हुने गरेको छ । यो एक सदाबहार ठूलो झ्याम्म परेको रूख हो ।

यसको पातको माथिल्लो सतह चिल्लो, चम्केको र तल्लो सतह फुस्रो हुन्छ । यसको वर्षमा एकपटक असोजदेखि चैतसम्म रूखको हाँगाहरू भाँचेर झिकिन्छ । हरेक हाँगाबाट तेजपात सङ्कलन गरिन्छ ।

# बिजुली बिक्रीबाट नेपालले वार्षिक रु नौ खर्ब पाउन सक्ने

टुडे समाचारदाता

काठमाण्डु । नेपाल र भारतबीच ऊर्जा क्षेत्रमा भएको सम्झौताले नेपालको बिजुलीले भारतको विशाल बजारमा सहज प्रवेश पाउने भएको छ। बर्षा याममा खेर जाने बिजुलीले पनि बजार पाउने तथा लगानी विस्तार हुने भएकाले सरकारी तथा निजी क्षेत्रमा पनि एक प्रकारको उत्साहको सञ्चार गरेको छ ।

मुलुकको चुलिँदो व्यापार घाटालाई कम गर्ने उपयुक्त माध्यमका रुपमा बिजुली व्यापारलाई लिइएको छ । नेपालको प्रचूर ऊर्जा क्षेत्रमा प्रविधि र लगानी जरुरी छ । कानुनी एवम् संरचनागत सुधार जरुरी रहेको विषयलाई निजी क्षेत्रले प्राथमिकतामा राख्दै आएको छ ।

भौतिक विकास निर्माणमा खासगरी, वन क्षेत्रको जग्गा प्रयोग, जग्गा प्राप्ति तथा कानुनी उल्झन बेहोर्दै आएको छ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका शब्दका प्रसारण लाइनको एउटा टावर निर्माण गर्नु नै एउटा आयोजना निर्माण गर्नु सरह छ ।

निर्माणाधिन प्रसारण लाइनहरु अधिकांश समस्यामा छन् । कतै निर्माण व्यवसायीको कमजोर कार्यसम्पादन, कतै स्थानीयको अवरोध, अन्तर सरकारी निकायबीच समन्वयनको अभाव पनि नेपालको ऊर्जा क्षेत्रको साझा समस्याका रुपमा चित्रित छ ।

बिहीबार नेपाल र भारतबीच आगामी १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्नेसम्बन्धी सहमतिपत्रमा हस्ताक्षर भएको छ । गत जेठमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले गरेको भारत भ्रमणका क्रममा उक्त सहमतिपत्रको प्रारम्भिक मस्यौदामा हस्ताक्षर भएको थियो ।

परराष्ट्रमन्त्री नारायणप्रकाश साउदको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल भ्रमणमा आउनुभएका उनका भारतीय समकक्षी डा एस जयशङ्करको उपस्थितीमा दुई देशका ऊर्जा सचिवले सहमतिपत्र आदान प्रदान गरेका थिए । सहमतिपत्रमा भने ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितीमा सिंहदरबारमा हस्ताक्षर भएको थियो । उक्त सहमतिसँगै नेपालले सहज रुपमा आफ्नो उत्पादन भारतीय बजारमा पठाउनका लागि मार्गप्रशस्त भएको छ। ऊर्जामन्त्री बस्नेतले बिहीबार भएको सहमतिलाई एउटा 'ब्रेक थ्रु'को संज्ञा दिँदै अब कार्यान्वयन पक्षलाई सबल बनाउनुपर्ने बताए ।

चरम ऊर्जा सङ्कटबाट पार पाएर नेपाल पछिल्ला दिनमा ऊर्जा निर्यात गर्ने देशका रुपमा स्थापित भएको छ । पछिल्लो एक वर्षमा दैनिक झण्डै सात सय मेगावाट बराबरको बिजुली निर्यात गर्न सफल भएको छ । सरकारको सार्थक पहलका कारण ऊर्जा क्षेत्रले गुणात्मक फड्को मारिरहेको सन्दर्भमा बजारको सुनिश्चिततासँगै लगानी विस्तार हुने निजी क्षेत्रको भनाइ छ ।



स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान)का वरिष्ठ उपाध्यक्ष मोहन डाँगीका अनुसार बिहीबार दुई देशबीच भएको सम्झौता ऐतिहासिक हो । "असाध्यै महत्वपूर्ण सम्झौता भएको छ। यसले लगानी विस्तारका लागि मार्गप्रशस्त भएको छ। अब सरकारले नीतिगत रुपमा रहेका समस्या समाधान गरेर थप सहज वातावरण बनाइदिनुपर्छ", उनले भने, "बर्षाका समयमा कोटाका आधारमा बिजुली उत्पादन गर्ने आयोजनाले समेत अब राहत पाउनेछन् ।"

एक वर्षमा बिजुली बिक्री गरेर रु १५ अर्ब २७ करोड बराबरको विदेशी मुद्रा आर्जन भएको छ । यसले पनि नेपालको बिजुली बिक्रीबाट उल्लेख्य मात्रामा विदेशी मुद्रा आर्जन हुने अनुमान गर्न सकिन्छ । बङ्गलादेशले पनि नेपालको बिजुली लैजाने सहमति गरिसकेको छ । बिहीबारको सहमतिपछि त्रिपक्षीय साझेदारीका लागि पनि मार्गप्रशस्त भएको छ। नेपाल, भारत र बङ्गलादेशबीच उच्चस्तरीय कार्यदल निर्माण गरेर जाने विषयमा तीन वटै देश सहमत भइसकेका छन्। तत्कालका लागि भारतीय संरचनाको प्रयोग गरेर बङ्गलादेश बिजुली निर्यात गर्न सकिने भएको छ। त्यस्तै, उच्च क्षमताको प्रसारण लाइन निर्माणका विषयमा पनि छलफल जारी छ । त्यसले पनि छिट्टै सार्थकता पाउने छ ।

दुई देशबीच भएको सम्झौताको अवधि २५ वर्षको छ। प्रत्येक १० वर्षमा स्वतः नवीकरण हुने व्यवस्था गरिएको छ । क्षेत्रीय व्यापारलाई अझै वृद्धि गर्दै, दुई मुलुकबीच विद्यमान, कार्यान्वयनमा रहेका र प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनलाई प्रयोग गरिने भएको छ ।

हाल ढल्केबर-मुजफ्फपुर अन्तरदेशीय प्रसारण लाइन सञ्चालनमा छ । सो प्रसारण लाइनबाट हाल आठ सय मेगावाट बिजुली आयात निर्यात गर्न सकिन्छ । सो प्रसारण लाइनको क्षमता वृद्धि गरेर एक हजार मेगावाट बराबर बनाउने सम्बन्धमा सहमति भइसकेको छ । सन २०२५ को मेसम्ममा न्यू-बुटवल गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य छ । सो प्रसारण लाइन निर्माणलाई उच्च प्राथमिकतामा राखिएको छ ।

भारतीय कम्पनी सतलज विद्युत निगमले निर्माण गरिरहेको नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत आयोजनाको प्रसारण लाइनको क्षमता पनि नेपालले उपयोग गर्न पाउनेछ ।

यसअघि नै प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनका रुपमा रहेका चार सय केभी क्षमताका दोदोधारा-बरेली र इनरुवा-पूर्णीया प्रसारण लाइन निर्माण हुनेछ । सन २०२८ सम्म ती प्रसारण लाइन निर्माण सम्पन्न गर्ने लक्ष्य छ ।

सरकारले सन २०३५ सम्म कूल २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने रणनीतिक कार्ययोजना तयार पारिसकेको छ । सो कार्ययोजनामा १३ हजार मेगावाट आन्तरिक खपतका लागि र १५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य राखको छ । सोही लक्ष्यअनुसार सरकारले निजी क्षेत्रलाई साथमा लिएर अगाडि बढ्ने लक्ष्य लिएको मन्त्री बस्नेतको भनाइ छ ।

प्राधिकरणले नौ हजार एक सय ६४ मेगावाट क्षमताका जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गरिसकेको छ । ऊर्जा मन्त्रालयका अनुसार हरेक वर्ष एक हजार मेगावाटको हाराहारीमा उत्पादन क्षमता थप हुनेछ ।

प्राधिकरणलगायतका सरकारी निकायबाट ठूला जलाशययुक्त र अर्धजलाशययुक्त आयोजना अगाडि बढाइएको छ । त्यसमा बुढीगण्डकी, एक हजार दुई सय मेगावाट, चार सय १० मेगावाटको नलगाड, छ सय ३५ मेगावाटको दुधकोशी, एक हजार ६१ मेगावाट क्षमताको माथिल्लो अरुणलगायतका आयोजना छन् । रणनीतिक महत्वको परियोजनाका रुपमा रहेको कर्णाली चिसापानी जलविद्युत् आयोजनाको पनि अध्ययन शुरु भएको छ । कूल १० हजार आठ सय मेगावाट क्षमताको सो आयोजनाको अध्ययन आगामी तीन वर्षमा पूरा हुनेछ । विगत एक वर्षमा मात्र करिब दुई हजार एक सय ६९ मेगावाट बराबरको जलविद्युत आयोजनासँग विद्युत खरिद सम्झौता भएको छ। यी सबै आयोजना सम्पन्न गर्नेगरी नीतिगत, संरचनागत सुधार गर्ने सरकारको प्रष्टोक्ति छ ।

सरकारले अगाडि सारेको सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट बिजुली उत्पादन गर्ने रणनीतिक कार्ययोजना कार्यान्वयनका लागि अन्तर सरकारी निकायबीच छलफल जारी छ। त्यसलाई छिट्टै निष्कर्षमा पुऱ्याएर कार्यान्वयनमा लगिने ऊर्जामन्त्री बस्नेतको भनाइ छ ।

भारतीय कम्पनी सतलज विद्युत् निगमले निर्माण गरिरहेको नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाबाट पनि नेपालले झण्डै दुई सय मेगावाट बिजुली प्राप्त गर्छ। सात सय ५० मेगावाट क्षमताको पश्चिम सेती, चार सय ५० मेगावाट क्षमताको सेती नदी-६ आयोजनालाई पनि भारतीय कम्पनी एनएचपीसीले अगाडि बढाउँदैछ । यस आधारमा बिजुली उत्पादनका हिसाबले आगामी दिनहरु नेपालका लागि थप स्वर्ण हुने अनुमान गर्न सकिन्छ ।

ऊर्जा क्षेत्रका जानकारका अनुसार (हाल भारतलाई बिक्री गरिएको मूल्यलाई आधार मान्दा) प्रतियुनिट रु १० मा बिजुली बिक्री गर्ने हो भने झण्डै रु नौ खर्ब बराबरको निर्यात गर्न सकिन्छ । वार्षिक रुपमा १० हजार मेगावाट बराबरको बिजुली निर्यातका लागि नेपालको कूल उत्पादन २५ हजार मेगावाटभन्दा बढी हुनुपर्नेछ । सरकारले तय गरेको लक्ष्यअनुसार काम भए सन् २०३५ सम्म आवश्यक बिजुली उत्पादन हुनसक्छ ।

"सरकारले योजनाबद्ध रुपमा नै सोच विचार गरेर नै लक्ष्य निर्धारण गरेको छ । अब हामीले यसमा दिनरात नभनेर काम गर्नैपर्छ । हामी सफल हुन्छौ", ऊर्जामन्त्री बस्नेतले भने । त्यसो त नेपाल र भारतबीच ऊर्जा व्यापार सम्झौता पनि भएको छ । दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) ग्रीड अवधारणामा पनि यसअघि नै सहमति जनाएको छ ।

नेपालले के कति बिजुली बिजुली उत्पादन गर्ने ? आन्तरिक रुपमा कति खपत गर्नेलगायतका विषयमा स्पष्ट दृष्टिकोण बनाएर कार्यान्वयन गर्दै निर्यातलाई पनि प्राथमिकतामा राख्नुपर्ने दृष्टिकोण पनि यस क्षेत्रका जानकारहरुले सार्वजनिक गरेका छन् ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले पनि बजार सुनिश्चित भएकाले अब व्यापक मात्रामा लगानी विस्तार गरेर उत्पादनमा लाग्नुपर्ने बताएका छन् । उनले बिहीबार भएको सम्झौतामा समावेश १० हजार मेगावाट न्यूनतम सीमा भएको उल्लेख गरे । प्रधानमन्त्री दाहालले बिहीबार नै दुई देशबीचको सम्झौतालाई विद्युत् व्यापारका दृष्टिले कोशेढुङ्गा हुने प्रष्ट पारेका छन् ।

ऊर्जा क्षेत्रमा लगानी विस्तार, पूर्वाधार निर्माण तथा विदेशी लगानी भित्र्याउने सवालमा राजनीतिक दलबीच पनि मतैक्य भएकाले एकाध वर्षभित्र नेपालले ऊर्जा क्षेत्रबाटै समृद्धि हासिल गर्न सक्छ ।

सङ्घीय संसदमा विधेयक विचाराधिन अवस्थामा छ । त्यसलाई शीघ्र पारित गरेर निजी क्षेत्रलाई पनि बिजुली व्यापारको अनुमति दिने सरकारको तयारी छ । यस्तै, प्रसारण लाइन निर्माणमा पनि निजी क्षेत्रलाई सहभागी गराउने सरकारको तयारी छ । पछिल्लो पुस्ताको ऊर्जाका स्रोतका रुपमा परिचित ग्रीन हाइड्रोजनलाई पनि प्राथमिकतामा राखिएको छ । जलविद्युत् आयोजनाबाटै ग्रीन हाइड्रोजन उत्पादन गर्न सकिने प्रशस्तत सम्भावना छ । सरकारले त्यसका लागि नीतिगत प्रबन्ध गर्ने कामलाई अन्तिम चरणमा पुऱ्याएको छ ।

# आलु खेतीतर्फ किसान आकर्षित

टुडे समाचारदाता

गलेश्वर । म्याग्दीका किसान पछिल्लो समय परम्परागत बाली छोडेर आलु खेतीतर्फ आकर्षित भएका छन् । गहुँ, जौ, उवा, फापर खेती गर्ने किसान पछिल्लो समय ती बाली छोडेर आलु खेतीतर्फ आकर्षित भएका हुन् ।

पश्चिम म्याग्दीको मालिका गाउँपालिका-१ निस्कोट, २ रुम, ६ दरवाङ,७ विम, मङ्गला गाउँपालिकाको रणबाङ, अर्मन, नेटालगायत धौलागिरि गाउँपालिकाको अधिकांश वडाका कृषक परम्परागत अन्नबाली छोडेर आलुखेतीतिर लागेका स्थानीय गाउँपालिकाका कृषि प्राविधिकको भनाइरहेको छ । मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले किसानले उत्पादन गरेको आलु बजारमा सहजरुपमा बिक्री हुन थालेपछि नगदेबालीको रुपमा आलुलगायत तरकारी खेतीतर्फ किसानको आकर्षण बढेको बताए ।



उच्च वातावरणमा उब्जेको जैविक आलु स्वादिलो र छिटो पाक्ने भएकाले यसको माग बढ्दै गएपछि यहाँका किसान आलुखेतीतर्फ आकिर्षत भएका मालिका-६ का वडाध्यक्ष पथबहादुर रोकाले बताए । आलु जति फलाए पनि बिक्रीका लागि चिन्ता नभएको उनले बताए । आलु फलाएपछि मौसमीभन्दा बेमौसमीमा यसको भाउ धेरै पाइने मालिका-२ रुमका किसान टेकबहादुर विकले बताए ।

म्याग्दीमा आलु मौसमको प्रतिकिलो रु ६० देखि ९० सम्ममा बिक्री हुन्छ भने बेमौसममा रु एक सयदेखि एक सय ४० सम्ममा बिक्री गर्न सकिने किसान बताउँछन् । यस्तै आलु उत्पादक किसानका लागि भण्डारण, बजारीकरण र नयाँ प्रविधि विस्तारमा स्थानीय पालिका र कृषि ज्ञान केन्द्रले सहयोग गर्न आवश्यक रहेको यहाँका किसानको भनाइ रहेको छ ।

आलुमा देखियो डडुवा रोग

म्याग्दीमा आलु खेतीमा डडुवाको रोगको समस्या फैलिएको छ । यहाँका अधिकांश क्षेत्रमा लगाइएको आलुमा डडुवाको समस्या देखिएको हो । डडुवाले किसानको आलु सखाप भएपछि अहिले किसान चिन्तित छन् । कात्तिक महिनामा लगाइएको आलुमा पुस महिनामै डडुवा लागेर सखाप भएपछि आलु उत्पादन घट्ने भएको छ ।

व्यावसायिक रुपमा आलु खेती गर्दै आएका बेनी नगरपालिका, मालिका र रघुगङ्गा र मङ्गला गाउँपालिकाका किसानको आलु डडुवाले सखाप पारेको कृषि प्राविधिकले बताएका छन् । अधिंकाश किसानले लगाएको आलुमा मौसम परिवर्तन भएसँगै डडुवाको समस्या फैलिएको हो । चिसो मौसम सुरुआत भएपछि किसानले आलु खेतीमा ध्यान नदिँदा कतिपय लगाएको आलु खेती नष्ट भएको मङ्गला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताए । रघुगङ्गा-६ पाखापानी र ठाडाखानीका किसानले लगाएको आलुमा पनि डडुवाको सङ्क्रमण फैलिएको ठाडाखानीका किसान दलबहादुर छन्त्यालले बताए ।

खेती गर्दा ध्यान दिने र प्राविधिकको सल्लाहअनुसार समयमै खेतीपातीको रेखदेख गर्ने गरेमा आलुलाई रोक किरा लाग्नबाट बचाउन सकिने कृषि प्राविधिकको भनाइ रहेको छ । म्याग्दीमा व्यावसायिक रुपमा एक सय हेक्टर बढी क्षेत्रफलमा आलु खेती गरिएको छ । आलु सुपरजोन, स्थानीय पालिका र किसानको साझेदारी बिउँमा अनुदान पाई किसानले करिव एक हजार कुन्टल आलुको बीउ लगाएको कृषि ज्ञान केन्द्र म्याग्दीले जनाएको छ ।

पछौटे डडुवा आलुबालिमा लाग्ने रोगमध्ये प्रमुख रोग भएको कृषि प्राविधक बानियाँले बताए । उनका अनुसार यस रोगबाट हुने क्षतिको क्रम हरेक वर्ष विकराल रूपमा बढी रहेको छ । पहाडी जिल्लामा पनि बर्सेनि यो रोगको प्रकोप बढिरहेको छ भने तराईका जिल्लामा महामारीको रुपमा फैली सकेको छ ।

यसको लक्षण सङ्क्रमण सुरुको अवस्थामा पातमा हल्का हरियो रङका विभिन्न आकारका थोप्ला देखिने कृषि प्राविधिक बानियाँले बताए । अनुकूलन वातावरण पाइरहेमा थोप्लाको भित्री भागमा खैरो एवं सुकेको देखिन्छ । ओसिलो वातावरणमा ढुसीको अत्यधिक विकास भई पातको तल्लो सतहमा थोप्ला वरिपरि कपासको घेराजस्तो देखिन्छ। रोग बढी हुँदै गयो भने पूरै पात सुकेर डढेजस्तो हुन्छ भने अनुकूल वातावरण भई रह्यो भने पात, काण्ड, डाँठ र दानामा समेत सङ्क्रमण हुने उनले बताए ।

फाइटफथोरा इन्फेस्टेन्स नामक ढुसी नै यो रोगको प्रमुख कारकतत्व भएको विशेषज्ञले बताएका छन् । यस प्रजातिका ढुसीमध्ये मेटिङ टाइप पी १ र मेटिङ टाइप पी २ नामक उपप्रजाति नेपालमा पाइएका छन् । यस रोगको अनुकूल विकासको लागि वायुमण्डलको सापेक्षिक आद्रता ८० दशमलव ९५५ र रातिको तापक्रम १० दशमलव १२ डिग्रसेल्सियस लामो समयसम्म सिमसिमे पानी, दिनमा घाम नलागेर बादल लागेमा र हावा, पानी, बीउ र माटोको माध्यमबाट यो रोग देखा पर्ने विशेषज्ञको भनाइ छ ।

# बाँदरका डरले हिउँदे बाली लगाउँदैनन् किसान

टुडे समाचारदाता

पर्वत । पर्वतका ग्रामीण क्षेत्रमा बाँदर आतङ्क दिन प्रतिदिन बढ्दै गएको छ । बाँदर आतङ्कले हिउँदे बालीनाली लगाउने प्रचलनसमेत कम हुँदै गएको छभने लगाएकाहरुलाई पनि पाक्ने बेलासम्म बाली जोगाउन हम्मेहम्मे पर्दै आएको छ ।

जिल्लाको कुश्मा नगरपालिका-९ का पुनाखर पराजुली विगतका वर्षमा १८ रोपनी खेतमा गहुँ खेती गर्दै आए पनि अहिले बाँझै राखेको बताउछन् । विगतमा मङ्सिर तेस्रो सातासम्म गहुँ उम्रिएर हरियाली हुन्थ्यो । यतिबेला गहुँमा सिँचाइ गर्न व्यस्त हुनुहुने पुनाखर बाँदरका कारण फुर्सदिलो बनेका छन् । बाँदर आतङ्क बढ्दै गएपछि पुनाखरको साँधका विष्णुहरि पराजुली र टीकाराम तिवारीको ५० रोपनीभन्दा धेरै जमिन पनि बाँझै छ । उहाँहरूले धान थन्क्याइसकेपछि सबै जग्गा बाँझै छोडेका हुन्। "धान जेनतेन थन्क्याउन सकिन्छ", टीकाराम भन्छन्, "हिउँदे खेती जति नै प्रयास गर्दा पनि जोगाउन नसकेपछि आजित भएर लगाउनै छोडियो।"

त्यसैगरी, फलेवास-४ का रामप्रसाद गौंडेलले लगाएको ४० केजी आलु उम्रिन नपाउँदै एक हूल बाँदर पसेर सर्वनाश पारिदियो । बिहादी गाउँपालिका-३ का रामु पराजुलीले सहकारीमार्फत बर्सेनि एक सय रोपनीमा सामूहिक आलुखेती गर्दै आएका थिए तर बाँदरबाट जोगाउन नसक्ने भएपछि पछिल्लो तीन वर्षयता आलु रोप्नै छोडेको बताउछन् ।

"एक पटक पल्केपछि बाँदरले खेती सखाप नपारेसम्म नछोड्ने रहेछ", उनी भन्छन्, "हजारौं खर्च गरेर महिनौंसम्म खटेको बाली एकै दिनमा सखाप पारिदिएपछि सबै किसान आजित भए । अहिले जति नै प्रयास गर्दा पनि व्यावसायिक आलुखेती गर्न सकिएन ।" बाँदरको हैरानी खेप्न नसकेका उनी दुई वर्षयता बाँदरबाट जोगिन बेसार, अदुवा, तोरीलगायत वैकल्पिक खेतीतर्फ लागेको जानकारी दिन्छन् ।

अहिले जिल्लाभर बाँदरको आतङ्क फैलिएको छ । जिल्लाका ६१ वडामै बाँदरको समस्या नभएको कुनै वडा छैन । कतिपय ठाउँमा किसानले बाली जोगाउन रातदिन समूह भएर जाग्राम बस्नुपरेको छ । बाँदर आतङ्क किसानका लागि टाउको दुखाइको विषय बनेको सरोकारवालाहरुको भनाइ छ । मोदी-२ का गुरुदत्त चापागाईं भन्नुहुन्छ, "पहिला कुकुर भुक्दा भाग्थ्यो । अहिले कुकुरलाई नै झम्टिन आउँछ । जलजला-५ की पार्वती खत्रीले रोपेको २५ केजी आलु बाँदर पसेपछि बाटै बाँकी नराखेर उखेलेको थियो ।"

पर्वतमा आलुको पकेट क्षेत्र मानिने जलजला गाउँपालिकाका बनौं, शालिजा, लेखफाँट, क्याङ, भुकताङले, बाँसखर्कलगायत वडामा आलुखेतीमा पनि बाँदर मुख्य समस्या बनेकाले किसान चिन्तित बनेका छन्। "अहिले आलु मात्रै नभएर सुन्तला पनि खान थालेको छ", बाँसखर्कका समुद्र खत्री भन्छन्, "पहिला मान्छे देखेर भाग्ने बाँदर अहिले मान्छेलाई नै झम्टिन आउँछ।"

जिल्लाका उच्च भेगमा पर्ने गाउँको मुख्य बाली आलुखेती हो । हिउँदे खेतीका लागि उपयुक्त मानिने कुश्मा र फलेवास नगरपालिकामा पनि बाँदरको हैरानीले किसानले लगाएको कुनै पनि हिउँदे खेती स्याहार्न नपाइएको किसानको गुनासो छ । दशकअघिसम्म पर्वतबाट अन्य जिल्लामा गहुँ र गहुँको बीउसमेत निर्यात हुने गरेकामा पछिल्ला वर्षमा गहुँ र गहुँको पीठो तराईका विभिन्न उद्योगको भर पर्नुपरेको कृषि ज्ञान केन्द्रले जनाएको छ ।

जिल्लाको फलेवास नगरपालिकाले चालु आर्थिक वर्ष किसानलाई आलु र गहुँको बीउ निःशुल्क वितरण गर्ने कार्यक्रम राखे पनि अपेक्षित माग नआएको जनाएको छ । "फाटफुट माग आएको थियो", कृषि शाखा प्रमुख केदार सापकोटा भन्छन्, "बीउ माग गर्ने किसानले बाँदर जोगाइदिने भए लैजान्छौं, नत्र लैजाँदैनौं भनेका छन् ।" महाशिला र पैयुँ गाउँपालिकाले आर्थिक वर्ष ०७५/७६ मा सुरु गरेको बाँदर नियन्त्रणको योजना सफल हुन नसकेपछि अहिले त्यस क्षेत्रमा समेत किसानले हिउँदे खेतीप्रति रुचि देखाउन छाडेका छन् ।

# कार्ययोजना सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रज्ञा प्रतिष्ठानले अनुसन्धान लेखन, प्रकाशन, पुस्तकालयको व्यवस्थापन, भाषा, साहित्य, आगामी कार्ययोजना सम्पन्न गर्ने निर्णय गरेको प्रतिष्ठानका अध्यक्ष रामभरोष कापडिले जानकारी दिए।

सोही क्रममा प्रतिष्ठानले पुस मसान्तभित्रमा



संस्कृति, कलाको क्षेत्रमा काम गर्ने सम्वन्धी अन्तरसम्वाद कार्यक्रम सम्पन्न गरेको छ।

जनकपुरधाममा शुक्रबार मधेश प्रज्ञा प्रतिष्ठानको सभा कक्षमा भएको अन्तरसम्वाद कार्यक्रममा साहित्य कला र अनुसन्धान लगायतका क्षेत्रमा काम गर्नका लागि विभिन्न खाले आगामी कार्ययोजना बनाएर अघि बढ्ने छलफल भएको छ।

कार्यक्रममा सहभागीहरुले विभिन्न राय, सल्लाह, सुझाव अनुसार चार महिना भित्रमा ६ बुँदे

राजविराज, मलंगवा र वीरगञ्जमा भावी कार्यक्रमसम्बन्धी अन्तर सम्वाद कार्यक्रम गर्ने भएको छ।

त्यस्तै लघु एवं विद्वत वृत्तिका लागि अनुसन्धान प्रस्तावको आह्वान गर्दै दर्ता प्रक्रियासमेत अघि बढाइएको प्रतिष्ठानले जनाएको छ । यसका लागि छनोटमा परेका विद्वत व्यक्तिलाई एक लाख रुपैयाँ उपलब्ध गराइने छ। जसबाट अनुसन्धानमूलक पुस्तकका लागि सो रकम उपलब्ध गराउने कार्य योजना प्रतिष्ठानको रहेको छ।

लघु अनुसन्धान अन्तर्गत चार महिनामा अनुसन्धान कार्य सम्पन्न गर्नुपर्ने छ । सो मध्येबाट छनोट गरिएका पुस्तक प्रकाशित गर्ने योजना रहेको जनाएको छ। मधेश प्रदेशका भाषा, साहित्य, संस्कृति, कला, गीत-संगीत र नाटक विधामा अनुसन्धानमूलक ग्रन्थ उपलब्ध गराउतका लागि आह्वान समेत गरिएको छ । जस अनुसार आगामी माघको पहिलो सातामा नाटक कार्यशाला आयोजना गरिने भएको छ।

त्यस्तै आगामी माघ भित्र शास्त्रीय संगीतका साधक गुरुदेव कामतको एकल सांगीतिक साँझ आयोजन गर्ने योजना रहेको छ भने आगामी माघ ५ गते बलिदानी दिवसको अवसरमा प्रदेशस्तरीय बहुभाषिक कवि गोष्ठी आयोजना गर्ने योजना रहेको जनाइएको छ। सो कवि गोष्ठीमा सहभागिता जनाउनेहरुको कम्तीमा २ सय ५० शब्दका कविताहरु मात्रै छनोट गरी वाचन गरिने अध्यक्ष कापडिले जानकारी दिए।

त्यस्तै स्वीकृत विद्यागत प्रतिभाहरुलाई सम्मान र पुरस्कृत गर्न कार्यविधि तयार भइसकेकोले आगामी फागुनमा सम्मान गर्ने योजना रहेको छ।

प्रतिष्ठानका अध्यक्ष कापडिको अध्यक्षतामा भएको अन्तरसम्वाद कार्यक्रममा डा. पशुपतिनाथ झा, रेवतीरामण लाल, अयोध्यानाथ चौधरी, रोशन जनकपुरी, हिमांशु चौधरी, श्यामसुन्दर शशि, जीवनाथ चौधरी, प्रेम विदेह ललन, नवीनकुमार मिश्र, विजयदत्त मणि, सुनैना ठाकुर, रितेश पाटिल, रुबि पाठक, काशीकान्त झा, सुनिल मल्लिक, अशोक दत्त, प्रतिष्ठानका प्रशासकीय अधिकृत दानीकान्त झालगायतकाहरुले सुझाव दिएका थिए।

# आकाशे पानीलाई रिचार्ज गर्नेबारे छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम। चुरे क्षेत्र विनाश हुँदै गएको प्रभाव मधेश क्षेत्रको खानेपानी तथा नदीनाला सुक्न थालेपछि मधेश प्रदेश सरकार गम्भीर हुनथालेका छन् । मधेश प्रदेशका जिल्लाहरुमा खानेपानीको सतह अत्यधिक तल गएको र नदीनालाको मुहानहरु सुक्न थालेपछि मधेश प्रदेश सरकार यस बिषयमा छलफल गरेको छ।

आकाशे पानी नपर्दा मधेश प्रदेशसहितका विभिन्न जिल्लामा खानेपानी तथा सिचाईंमा समेत समस्या उत्पन्न भएको छ।

भुमिगत पानी रिचार्जका वर्तमान परिदृश्य र भविष्यको दृष्टिकोणमाथि भएको छलफलमा आकाशे पानी ढिला पर्नाले भुमिगत पानीको सतह तल गएको हुनाले मधेश प्रदेशमा आउने दिनमा खानेपानी र खेतीका लागि पानीको समेत समस्या हुने एक कार्यक्रममा वक्ताहरु बताउँछन्।

खानेपानी र सिचाइँमा तत्काल परेको समस्या पुनः भविष्यमा नआओस् भन्ने उद्देश्यले मधेश प्रदेशका आठवटै जिल्लामा सुख्खाको समयमा सम्भावित प्रभावित स्थान पहिचान गरी खानेपानी तथा सिचाईंको समस्या समाधानका लागि भएको छलफल भएको छ।

छलफलको क्रममा पानीको सतहको अनुमगन गरी व्यवस्थितरुपमा लागू गर्ने, पानी आपूर्तिका लागि निर्माण गरीएका संरचनाका नजिक रिचार्ज जोन बनाउने, पुराना पोखरी, ईनार आदि मर्मत गरेर वा नयाँ पोखरी, ईनार आदि खनेर आकाशबाट पर्ने पानीको अधिकतम मात्र बग्न नदिई जमीनभित्र पानी पुनः संचित गर्न उचित र प्रभावकारी कार्यहरु गर्ने, अनाधिकृत रुपमा भूमीगत पानी दोहनहुन नदिन भूमीगत पानीको उपयोग सम्बन्धमा आवश्यक मापदण्ड बनाई कार्यान्वयन गर्ने, पानी बचाउ सम्बन्धी जनचेतना बृद्धि अभियान गर्ने, पानी आपूर्तिको लागि स्यालो टियुववेल भन्दा डिप टियुववेललाई प्राथमिकता दिनेलगायतका अनुसार भुमिगत पानीको रिचार्जसहितका खानेपानी तथा सिचाइँको समस्या समाधान हुने सम्भावना औल्याइएको छ।

# कस्ले बोक्ने भारको भारी ?




ब्लग :



**श्यामसुन्दर शशि**

मुख्य महन्त र उत्तराधिकारी महन्तको खिचातानी, बादविवाद र आरोप-प्रत्यारोपबीच सीतानगरी जनकपुरधामबाट १ हजार १ सय भार राम जन्मभूमि अवधपुरी पुगेको छ । जानकी मन्दिरको सनेश भनिएको उक्त भार बोकेर उत्तराधिकारी महन्त रामरोशन दासको नेतृत्वमा गएका भरियाहरुलाई औपचारिक विदाई भने मुख्य महन्त रामतपेश्वर दास वैष्णवले गरेका थिए । विदाई समारोहमा नेपाली कांग्रेसका केन्द्रीय सदस्य विमलेन्द्र निधि, मुख्यमन्त्री सरोजकुमार यादवसहित स्थानीय प्रशासनका उपल्ला पदाधिकारीहरु पनि सहभागी थिए । विदाई समारोहको



उपस्थितिले एकातिर उत्तराधिकारी महन्तको अभियानलाई औपचारिकता प्रदान गऱ्यो, अर्कोतिर दुई महन्तबीच सुरु भएको प्रभुत्वको जुहारीमा पक्ष विपक्षमा बाँडिएका मनुवाहरुको गालामा तगडा थप्पर पनि प्रहार गऱ्यो । विदाई समारोहको उद्घोष थियो- 'बेगाने की शादी मे अब्दुला दिवाना ।' टाउकोमा सनेश बोकेर नगर परिक्रमा गरेका मुख्यमन्त्री यादव अर्को दिन खुलासा गर्नु भयो- 'अयोध्या भार लग्न भनि जानकी मन्दिरले ५० लाख रुपैयाँ मागेको थियो । प्रदेश सरकारसंग त्यो रुपैयाँ कस्ले माग्यो ? मुख्य महन्तजीले ? वा उत्तराधिकारी महन्तजीले ? खुल्न सकेको छैन ।

चेली बेटीको गृहप्रवेशमा माइतीबाट सनेश जानु मिथिलाको परम्परा हो। उत्तराधिकारी महन्तजी यस परम्परालाई निर्वाह गर्न अग्रसरता देखाउनु भयो । मुख्य महन्तजी पनि विदाई समारोहमा सहभागी हुनुभयो । दुबै महन्तजीको यो काम स्वागतयोग्य हो । यसको प्रशंसा गर्नु पर्दछ । तर सबाल उठ्छ- जानकी मन्दिर यसै गरी कति दिनसम्म चल्छ ? जनकपुरको मौलिक पहिचान जानकी मन्दिर, राममन्दिरसहित यहाँका ५२ कुटी र ७२ कुण्डहरु छन् । तर पछिल्लो समय यिनै मठ मन्दिरका महन्त, पुजारी र उनीहरुका सखा सम्बन्धीहरुको कारण यस पवित्र नगरीको मौलिक पहिचान मलीन हुन थालेको छ । मन्दिर व्यवस्थापनको विषयमा महन्त, पुजारीहरुको बीचमा पटक पटक बाद विवाद हुँदै आएको छ । सन् १७०७ मा मकवानी राजा इन्दुविधाता सेन, मानिक सेनलसंगै शाहवंशी राजा, राणा प्रधानमन्त्रीहरु तथा सर्वसाधारणले दिएको चल अचल सम्पतिको आम्दानीबाट संचालित यहाँका मठ मन्दिरहरुको व्यवस्थापन निजी सम्पति जस्तो हुनु समस्याको चुरो विषय हो ।

मठ मन्दिरको जग्गा हत्याउने, बिक्री गर्ने तथा महन्त बन्ने होडवाजीमा यहाँका आधा दर्जन भन्दा अधिक साधु, पुजारी, महन्त र उनीहरुका सागा सम्बन्धीहरुको हत्या भइ सकेको छ । जग्गा तथा महिलासंगको अवैध सम्बन्धको कारण लक्ष्मीनारायण मठका मान महन्त देवा दासको हत्या भएको थियो । २०२९/०३० सालमा जनकपुर पेठियागाछी स्थित गिरनारी कुटीका महन्त रविगिरी र उनका चेला वीर गिरीको हत्या गरी मन्दिरकै सन्दुकमा राखिएको अवस्थामा शव फेला परेको थियो । २०३८ सालमा जानकी मन्दिरको उत्तरी ढोकामा रहेको ईनारमा जोगी साहको शव फेला परेको थियो । विहारकुण्डका महन्त रामपुकार शरणलाई गोलीहानी हत्या गर्नुको कारण पनि सम्पति विवाद नै थियो । आफ्नै गुरु रामभद्र दास वैष्णवको हत्या आरोपमा बिरख कुटीका महन्त वकिल दासलाई जेल सजाय काट्नु परेको थियो । यद्यपि वकिल दासले बिरख कुटीको जग्गा हत्याउन रत्नसागर मठका तत्कालीन उत्तराधिकारी महन्त बैकुण्ठ दासले आफूलाई षडयन्त्रपूर्वक फंसाएको दाबी गर्छन् ।

मठ मन्दिर तथा सरोवरहरुको सही व्यवस्थापन नभएसम्म मठ मन्दिरका महन्त, पुजारी तथा आम नागरिक दुई कित्तामा बाडिई रहने पक्का हो । यद्यपि यसका लागी कुनै प्रयासै भने नभएको होईन, जनकपुरधामका मठ मन्दिरको श्रीसम्पतिको लगत, अवस्था तथा सुधारका लागि आवश्यक सुझाव दिन २०६२ श्रावण २६ गते मन्त्रिमण्डलको निर्णय अनुसार बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्का तत्कालीन अध्यक्ष भोजराज घिमिरेको संयोजकत्वमा एक उच्च स्तरीय कार्यदल गठन गरिएको थियो । कार्यदलमा घिमिरेका अतिरिक्त तत्कालीन अंचल प्रशासक जनक जंगली, प्रमुख जिल्ला अधिकारी हरिप्रसाद नेपाल, केन्द्रीय गुठी, जिल्ला विकास समिति र जनकपुर नगरपालिकाका प्रतिनिधिसंगै वरिष्ठ अधिवक्ता विश्वनाथ प्रसाद उपाध्याय, सह प्राध्यापक डा.भोगेन्द्र झा तथा संस्कृतिविद उपप्राध्यापक लक्ष्मण अर्याललगायत सदस्य थिए । उक्त कार्यदलले २०६२ असोज ६ गतेमा तत्कालीन भूमिसुधार तथा व्यवस्था मन्त्री समक्ष सुझावसहितको प्रतिवेदन बुझाएको थियो । २०६२ माघ ६ गते बुझाएको उक्त प्रतिवेदनको सुझाव खण्डमा उल्लेख छ-'२०४४ साल पौष मसान्तसम्ममा जानकी मन्दिर, रत्नसागर मठ र दशरथ मन्दिरले मनखप लगाएको जग्गाको लगत(विवरण) गुठी संस्थानमा पेश गरी सकेको छ। त्यस पछि पनि २०४४ साल पौष मसान्तभन्दा पहिलेको मितिको मनखपको कागज तयार गरी सम्बन्धित व्यक्तिहरुलाई दिइ सोही कागजको आधारमा अनाधिकृत तवरबाट महन्तहरुबाट गुठी तैनाथी जग्गामा घर बनाउन लगाइएको देखिन्छ । यी तीनै मन्दिरका महन्तहरुले करिब १४ बिगहा जग्गामा घर बनाउन लगाउनु भएको छ। यी तीनबटा मन्दिरले करिब २० करोडको जग्गा बिक्री गरिसकेको छ।'

कार्यदलले जनकपुरका मठमन्दिर हरुलाई ट्रष्टमा लग्नुपर्ने सुझाव पनि दिएको थियो। प्रतिवेदनको सुझाव खण्डमा उल्लेख छ- 'राममन्दिर तथा जानकी मन्दिर जस्ता आर्थिक रुपले सवल मन्दिरहरुको सु-व्यवस्थापनार्थ ट्रष्ट वा कोषको अपरिहार्यता स्वीकार गर्दै ट्रष्टको वैधानिक स्वरुप कायम नहुन्जेलसम्मका लागि व्यवस्थापन समिति गठन गरी ती मन्दिरहरुको प्रभावकारी व्यवस्थापन र संचालन गर्नु उपयुक्त हुनेछ।' कार्यदलले जनकपुर वरिपरिका ४९ धार्मिक महत्वका सार्वजनिक पोखरीहरुको सूची सार्वजनिक गर्दै यी पोखरीहरुमध्ये जनकसरोवर, अमृतकुण्ड, गोपालसर, पयस्वनीसर र वलदेवसर लोप भइसकेको उल्लेख गरिएको छ। भोजराज घिमिरे नेतृत्वको कार्यदलले नगरपालिका भित्रका पोखरीहरुको सामूहिक व्यवस्थापन गरिनुपर्ने सुझाव दिएको थियो। प्रतिवेदनको सुझाव खण्डमा उल्लेख छ- 'सामुदायिक सहभागितामा पोखरीहरुको व्यवस्थापन प्रकृया संचालन गर्नु पर्दछ।

तर भोजराज घिमिरे नेतृत्वको उच्च स्तरीय कार्यदलले नेपाल सरकारलाई मठ मन्दिर र पोखरीहरुको व्यवस्थापन सम्बन्धी सुझावसहितको प्रतिवेदन बुझाएको १७ वर्ष भयो । यस बीचमा मुलुक प्रादेशिक संरचनामा गएको छ । मधेश सरकार प्रदेशका मठ मन्दिर र मस्जिद र मदरसा आदिको मर्मत संभार तथा सौन्दर्यकरणको नाममा करौडौ रुपैयाँ खर्च गरेको छ। तर जनजनको धार्मिक आस्थासंग प्रत्यक्ष सम्बन्ध राख्ने यहाँका मठ मन्दिर तथा मदरसाहरुको व्यवस्थापन बारे कुनै रणनीति बनाउन सकेको छैन । जानकी मन्दिरले कोसेली लग्ने नाउँमा ५० लाख माग्यो भनेर सार्वजनिक अभिव्यक्ति दिनु भएका मुख्यमन्त्रीजीसंग मेरो हार्दिक निवेदन- मुख्यमन्त्रीजी प्रदेशका धार्मिक स्थलहरुलाई ट्रष्ट अन्तर्गत समाहित गर्नोस् त्यसपछि कुनै पनि मठ मन्दिरले प्रदेश सरकारसंग पैसा माग्न जादैन। बरु आवश्यकता परेको वेला सरकारलाई नै सहयोग गर्ने हैसियतमा पुग्ने छन् । कोरोनाकालमा भारतमा मठ मन्दिर हरुले त्यहाँको सरकारलाई अर्बौ सहयोग गरेको स्मरण होला नै ? अब देखि भारको भारी कसैले बोक्नु नपारोस यस्तो सिस्टम बनाउनु होस्। जय जय हो किशोरीजी

# निर्माण कार्य सुचारु गर्ने आश्वासन पछि धर्ना स्थगित



**राकेश यादव**

गौर। हुलाकी राजमार्ग अन्तर्गत पर्ने बड़हरबा नजिक बागमती नदीमा अधुरो रहेको पुलको निर्माण कार्य छिटो सुचारु गर्नुपर्ने माग राख्दै बुधवार देखि शुरू गरिएको धर्ना कार्यक्रम स्थगित गरिएको छ।

धर्ना स्थगित भएपछि अवरुद्ध गौर चन्द्रनिगाहपुर सड़कमा यातायात सुचारु भएको छ। शिलान्यास भएको बड़हरबा स्थित बागमती नदीको पुल १३ बर्ष भइसक्दा पनि अधुरो रहेकोले निर्माण कार्य सुचारु गर्नुपर्ने माग राख्दै नेपाली कांग्रेसका प्रदेश सांसद नागेन्द्र साहको अगुवाइमा भएको विरोध प्रदर्शन सड़क बिभागले पुलको निर्माण कार्य आइतवारदेखि शुरू गर्ने प्रतिबद्धता जनाएपछि स्थगित भएको छ।

सड़क बिभागका महानिर्देशक सुशील बाबु ढकालको अध्यक्षतामा भएको बैठकले पुल निर्माण नहुँदा रौतहट र सर्लाहीका स्थानीयले भोग्दै आएको विषयमा नेपाल सरकारको यथाशीघ्र समाधान गर्ने निर्देशन दिएको जानकारी गराउँदै हुलाकी राजमार्ग आयोजना निर्देशनालय ,सड़क बिभाग पुल महाशाखा लगायतका सरोकारवाला निकायले पुलको निर्माण कार्यको एक्जिस्टिंग स्ट्रक्चर भेरिफिकेशनको कार्य २१ गतेदेखि ७ दिन भित्रमा सम्पन्न गर्ने, प्रस्तावित डिजाइन निर्माण व्यवसायीद्वारा शुरुवात गराउने, पुलको रिभियु डिजाइन ड्रोईंग स्वीकृतिको लागि सड़क बिभागमा पेश गर्ने सहितका ६ बुँदे निर्णय गरेकोले तत्काल आन्दोलनको कार्य स्थगित गरिएको प्रदेश सांसद साहले जानकारी गराए।

सड़क डिभिजन विभागका आधिकारिक निर्णयलाई जिल्ला प्रशासन कार्यालय रौतहटका प्रशासकीय अधिकृत मणिभूषण साहले धर्ना स्थलमा पुगेर जानकारी समेत गराएका थिए। निर्णय अनुसारको पुलको निर्माण कार्य समयमा सुचारु नगरिए कड़ा संघर्षमा उत्रिने चेतावनी समेत आन्दोलनकारीहरुले दिएका छन्।

# जनकनन्दिनी लयमा फर्किंदै




**टुडे समाचारदाता**

जनकपुरधाम । विगत ६ महिनादेखि लथालिङ्ग बनेका धनुषाको जनकनन्दिनी गाउँपालिका लयमा फर्किन लागेको छ । निमित कार्यालय प्रमुखको भरमा चल्दै आएको सो पालिकामा मंसिर २४ गते प्रमुख प्रशासकीय अधिकृतको रुपमा आएका सर्वजित झाले कार्यालयमा लयमा ल्याएका छन्।

असार मसान्त सकेपछि चालु आर्थिक वर्षमा कर्मचारीको तलव भत्ता, सामाजिक सुरक्षा भत्ता समेत वितरण गरिएको थिएन् । कार्यालयले नगरसभा समयमा गरेपनि योजना बाँडफाँट गर्न सकेका थिएन् । गाउँपालिकाका अध्यक्ष दिपीन देव यादव जनता समाजवादी पार्टी (जसपा) बाट गाउँपालिकाको अध्यक्ष पदमा निर्वाचित भएका छन् । विभिन्न ६ वटा वडा रहेको यस पालिकामा दुईवटा वडाध्यक्ष मात्रै गाउँपालिकाका अध्यक्ष यादवको पक्षमा रहेका छन् भने उपाध्यक्ष कमला सहगन नेपाली कांग्रेसवाट दोस्रो पटक उपाध्यक्षमा निर्वाचित भएका छन्।

उनी संगै ४ वटा वडाध्यक्ष कांग्रेसको रहेको छ। गाउँपालिका अध्यक्ष यादव अल्पमतमा रहेका कारण गाउँ सभा सम्पन्न भए पनि योजना बाँडफाँट गर्न सकेका थिएन् । तर, प्रमुख प्रशासकीय अधिकृतमा झा आएपछि सो पालिकाको योजना बाँडफाँट, पालिकाको खाता सञ्चालन, सामाजिक सुरक्षा भत्ता वितरण लगायतका कार्य सम्पन्न गरी अहिले दिनहुँ अनुगमन गरी मातहतका कार्यालयलाई नियमित, चुस्तदुरुस्त कार्यको थालनि गरेका छन्।

गाउँपालिकाको वडा ४ को विभिन्न विद्यालय, स्वास्थ्य चौकी, वडाकार्यालयहरुको अनुगमन गरी काम चुस्त दुरुस्त बनाउन शुक्रबार अनुगमन गर्दै निर्देशन समेत दिएका छन्।

# मधेश प्रदेशमा धान उत्पादनमा कमी

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशमा गत वर्षको तुलनामा यस वर्ष धान उत्पादनमा कमी आएको छ।

यस वर्ष मधेश प्रदेशका ८ वटै जिल्लामा ३ लाख ८४ हजार २ सय १८ हेक्टर जग्गामा धान खेती गरिएकोमा मात्र १३ लाख ५५ हजार ६ सय ३ मेट्रिक टन धान उत्पादन भएको छ। यस वर्ष चैते धान २४ हजार ८ सय ३९ र मुख्य धान ३ लाख ५९ हजार ३ सय ७९ हेक्टर गरी कुल ३ लाख ८४ हजार २ सय ८१ हेक्टर क्षेत्रफलमा चैते र वर्षे धानको खेती गरिएको मधेश प्रदेश कृषि विकास निर्देशनालयले जनाएको छ । निर्देशनालयका अनुसार यस वर्ष औसत रुपमा प्रति हेक्टर ३ दशमलव ५२ प्रतिशतको दरले मात्रै धान उत्पादन भएको छ। गत वर्ष प्रति हेक्टर ४ दशमलव ३ प्रतिशतको दरले धान उत्पादन भएको थियो।

यस वर्ष सवैभन्दा बढी बारामा २ लाख ७१ हजार १ सय ३३ मेट्रिक टन र सवैभन्दा कम सप्तरीमा १ लाख ८२ हजार ८ सय ५३ मेट्रिक टन धान उत्पादन भएको छ।

कृषि विकास निर्देशनालय नक्टाझिज धनुषाका अनुसार मधेश प्रदेशको आठैवटा जिल्ला मध्ये कतै राम्रो धान उत्पादन भएको छ भने कतै उत्पादनमा कमी आएको छ । सो कार्यालयका निमित्त प्रमुख कमलेश प्रसाद कुशवाहाका अनुसार कतिपय जिल्लामा कम धान उत्पादन भएका कारण वर्षभरि किसानहरुलाई अपुग हुने देखिएको छ भने किसानहरु वर्षभरि खानलाई छिमेकी मुलुक भारतबाट चामल ल्याउन सक्ने बाध्यता आउन सक्छ।

प्रति व्यक्ति प्रति महिना १२ देखि १५ किलोसम्म चामल खाने गरेकाले यहाँ उत्पादित धानले वर्षभरि घर खर्च धान्न नसकिने अवस्था देखिएको उनले बताए। सिँचाईको अभाव, समयमा मलखाद्य उपलब्ध नहुनु जस्ता कारणले प्रतिवर्ष धान उत्पादनमा ह्रास हुँदै गएको छ।

यस वर्ष विभिन्न कारणले धान उत्पादनका कमी आएको सरोकारवालाहरु बताउँछन् । समयमा वर्षा नहुनु, मलको अभाव तथा गत वर्षको तुलनामा यस वर्ष कम क्षेत्रफलमा धान खेती गरिएकोले धान उत्पादनमा कमी आउनुको मुख्य कारण रहेको कृषि ज्ञान केन्द्र धनुषाका बाली विकास अधिकृत प्रदीप यादव बताए । समयमा मल खाद्य नपाएको तथा सिँचाइको अभाव हुने गरेकोले किसानहरु माछापालन तर्फ समेत आकर्षित हुँदै गएकाले धान उत्पादनमा कमी आएको उनले बताए । कतिपय किसानहरु धान खेती छाडेर माछा पालन गर्न थालेपछि समेत धान खेतको क्षेत्रफल विस्तारै घट्दै गएको उनको भनाइ छ।

केही वर्ष अघि कृषि विभागले गरेको एक सर्वेमा पनि किसानहरु धान खेती योग्य जग्गामा माछापालन बढी गर्ने गरेकाले धान खेतीको क्षेत्रमा कमी आइ धान उत्पादनमा पनि ह्रास आउने गरेको छ। धान खेती गर्ने किसानहरुलाई सरकारले ५० प्रतिशत अनुदानमा स्यालो, टयुबेल, पावर ट्रिलर लगायतका कृषि उपकरणहरु दिने गरेको उनको भनाइ छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८